Secure Livelihoods Research Consortium

द्वन्द्व प्रभावित जीविकोपार्जन र सेवाहरूमा अनुसन्धान

# नेपालको रोल्पा जिल्लामा जेष्ठ नागरिक भत्ता र राज्यप्रतिको दृष्टिकोण




कार्यपत्र २५

सोनी के सी, विष्णुराज उप्रेती, सुमनबाबु पौडेल, गोपीकेश आचार्य, अनल  तण्डुकार र बवकन बब्अजनियन

अनुवादः अप्सरा केसी र विष्णुराज उप्रेती

नेपाली भाषा शुद्धीकरणः शार्दूल भट्टराई

२०७१

NCCR Nepal Center for Contemporary Research

# हाम्रो बारेमा

सुरक्षित जीविकोपार्जन अनुसन्धान संकाय (एसएलआरसी) को उद्देश्य भनेको द्वन्द्व प्रभावित अवस्थामा आमजनताले कसरी आफ्नो जीवन निर्वाह, सन्तानको शिक्षा, स्वास्थ्य सम्बन्धमा ख्याल गरेका थिए र उनीहरूमा अन्य आधारभूत सेवाहरूको पहुँच कस्तो छ भन्ने विषयमा एउटा ठोस प्रमाणको खोजी गर्नु हो । आधारभूत सेवाहरूको राम्रो पहुँच बनाउनु, सामाजिक सुरक्षा र द्वन्द्व प्रभावित जनमानसमा जीविकोपार्जनका विषयहरूसँग सम्बन्धित मानव कल्याणको सहयोग गर्नुनै सहस्राब्दी विकासको लक्ष्य (एमडिजी) ले राखेको विकास लक्ष्य पूरा हुनु हो जसले शान्ति तथा राज्य निर्माणमा अन्तर्राष्ट्रिय प्रयाससँग हातेमालो गर्दछ ।

एसएलआरसीद्वारा पहिलो बर्षमा गरिएको अनुसन्धानका आधारहरू मुख्यतया निम्न तीन विषयवस्तुमा केन्द्रित छन् :

- राज्यको वैधताः द्वन्द्व प्रभावित अवस्थामा राज्य र स्थानीय प्रशासनप्रतिको अनुभव, धारणा र अपेक्षाहरू
- राज्यको क्षमता : द्वन्द्व प्रभावित अवस्थामा सामाजिक सुरक्षा र आधारभूत सेवाहरू प्रदान गर्ने राज्यको प्रभावकारी निर्माण
- द्वन्द्व प्रभावित अबस्थामा जीविकोपार्जनको वक्र रेखा र आर्थिक गतिविधि

ओभरसिज् डिभलप्मेट इन्स्टिच्युट (ओडिआई) उक्त कार्यक्रमको नेतृत्वदायी संस्था हो । एसएलआरसी अन्तर्गतका कार्यक्रमहरूमा निम्न निम्न साझेदार संस्थाहरू सहभागी छन् : नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसिसिआर), सेन्टर फर पोभर्टी एनालाइसिस (सिइपिए) – श्री लङ्का, फेइन्स्टेइन इन्टरनेशनल सेन्टर (एफआइसी, टफ्ट्स युनिभर्सिटी), द अफगानिस्तान रिसर्च एन्ड इभ्यालुएसन युनीट (एआरइयू), द सस्टेनेवल डिभलपमन्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) – पाकिस्तान, डिजास्टर स्टडिज् अफ वागेनइनगेन युनिभर्सिटी (डब्लुयुआर) – नेदरल्यान्ड्स, र द फुड एन्ड एग्रिकल्चर अर्गनाइजेशन (एफएओ) ।

---

सेक्योर लाइभ्लीहुड रिसर्च कन्सोर्टियम
ओभरसिज डिभलपमेन्ट इन्स्टिच्युट
२००३ ब्ल्याकफ्रियर्स रोड,
लन्डन SE1 8NJ, ब्रिटेन

टेलिफोनः +४४ (०)२० ७९२२ ८२२१
फ्याक्सः +४४ (०)२० ७९२२ ०३९९
इमेलः slrc@odi.org.uk
वेबः securelivelihoods.org

अस्वीकारोक्तिः यस अनुसन्धानमा व्यक्त विचारहरू सम्बन्धित लेखकका निजी हुन् र यहाँ प्रस्तुत गरिएका विचारले डिएफआइडी, आइरिस एड, युरोपियन कमिशन, एसएलआरसीका एनसिसिआर लगायतका साझेदार संस्थाहरूका विचारको प्रतिनिधित्व गर्छन् भन्ने छैन । एसएलआरसीका अनुसन्धानले द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूको प्रवाहजस्ता विषयमा जानकारी तथा विश्लेषण गर्दछन् । एसएलआरसीको यो र यस्तै अन्य अनुसन्धानहरू http://securelivelihoods.org/publications.aspxमा अंग्रेजी भाषामा उपलब्ध छन् ।

एसएलआरसी अनुसन्धान प्रतिवेदनहरूलाई आफ्ना प्रकाशन सामाग्रीहरूमा उद्धृत गर्न पाठकहरूलाई पूर्ण स्वतन्त्रता छ । यद्यपि, एसएलआरसीको प्रतिलिपि अधिकार अनुरूप सूचनाको स्रोतको सम्बोधन गर्न र प्रकाशित सामग्रीको एक प्रतिलिपि उपलब्ध गराउन अनुरोध छ ।

# विषयसूची

**हाम्रो बारेमा** **क**
**तालिका र चित्रहरू** **ख**
**कृतज्ञता** **ग**
**संक्षिप्तीकरण र संक्षिप्त सार** **घ**
**१. अनुसन्धानका उद्देश्यहरू** **५**
**२. वृद्ध (जेष्ठ नागरिक) भत्ता : नागरिकहरू र राज्यबीचको सामाजिक सम्झौता** **६**
**३. विश्लेषणात्मक रुपरेखा** **९**
**४. अनुसन्धान कार्य पद्धति** **११**
**५. वृद्ध मानिसहरूको लागि सामाजिक हक अधिकारको संस्थागत प्रयत्न** **१२**
५.१ कार्यक्रमको बारेमा जानकारी १३
५.२ वृद्ध मानिसहरूका विचार १३
५.३ परिवारको समर्थनमा सन्तुलन १४
**६. मानिसहरूको राम्रो-भलाइको लागि योगदान** **१६**
६.१ खाद्यान्नको आवश्यकता १६
६.२ स्वास्थ्यमा उपयोगिता १८
६.३ शिक्षामा खर्च १९
**७. पारिवारिक सम्बन्ध र सशक्तीकरण** **२०**
**८. सामाजिक समावेशीकरण र सामुदायिक सम्बन्ध** **२२**
**९. वृद्ध (जेष्ठ नागरिक) भत्ताको वितरण** **२५**
९.१ नाम दर्ता गर्ने प्रकृया २६
९.२ लाभ भुक्तानी (भत्ता-सुविधा रकम वितरण) को यथार्थता र निरन्तरता २७
९.३ लाभ (भत्ता सुविधा) रकम वितरणको तरिका २८
**१०. निष्कर्ष र नीति कार्यान्वयन** **३१**
१०.१ सामाजिक पेन्सन (सुरक्षा भत्ता) र राज्यप्रतिको दृष्टिकोण ३१
१०.२ नीति कार्यान्वयन ३३
**सन्दर्भ सूची** **३७**

# तालिकाहरू र कक्षहरू

**तालिकाहरू**

तालिका १ : वृद्ध (जेष्ठ नागरिक) भत्ताका मुख्य स्वरूपहरू ७
तलिका २ : विश्लेषणात्मक खाका : वृद्ध (जेष्ठ नागरिक) भत्ताका महत्वपूर्ण मान्यताहरू र यसका कारक तत्वले जनमानसको राज्यप्रतिको धारणामा कसरी प्रभाव पारेको छ। ११
तालिका ३ : रोल्पाका कार्य क्षेत्रहरू १२

**कक्ष**

कक्ष १ : बुढागाउँमा भत्ता बुझ्दै ३०

# कृतज्ञता

लेखकहरू निम्न व्यक्ति तथा संघ संस्थाप्रति आभार प्रकट गर्दछन् जसमा बालचन्द्र लुइटेल, (स्कूल अफ एजुकेशन, काठमाण्डौँ युनिभर्सिटी), चार्लिज नोक्स–वैधमानव, हेल्पएज इन्टरनेश्नल, र रिचार्ड मललेट (ओडिआइ) जसले समकक्ष समीक्षाका साथसाथै प्रतिवेदन बलियो बनाउन आवश्यक सुझाव दिएका थिए । आरोनलाई सम्पादकीय सहयोगको लागि धन्यवाद । संचारको लागि मरियमम मोहसिन; परियोजना व्यवस्थाको लागि सोनिया सेजिलले र सम्पूर्ण पथप्रर्दशनको लागि रेचल स्लाटर र पावल हार्भेलाई धन्यवाद ।

# संक्षिप्त सार

यस अनुसन्धानले नेपालमा मानिसहरूको वृद्ध (जेष्ठ नागरिक) भत्ता कार्यक्रम सम्बन्धमा राज्यप्रतिको धारणा र मनोभावका साथसाथै राज्य वैधतामा राज्यको योगदान कस्तो छ भन्ने कुराको अध्ययन गर्दछ। यो अध्ययन रोल्पा जिल्लाका ३८ जना वृद्ध (जेष्ठ नागरिक) भत्ता प्राप्त गर्नेहरूसँग गरिएको गहन गुणात्मक साक्षात्कारमा आधारित छ। यस अनुसन्धानमा एक उत्तरदाताको राज्यप्रतिको धारणा (सकारात्मक र नकारात्मक) दुबै कुरामा प्रकाश पारिएको छ, जुन विशिष्ट अनुभव र प्रभावित कार्यक्रमहरूसँग सम्बन्धित छन्। राज्यले पेन्सन (सुरक्षा भत्ता) को व्यवस्था मार्फत कसरी उचित रूपमा मुख्य उद्देश्यहरू पूरा गर्दछ भन्ने मानिसहरूको मूल्यांकनको आधारमा उनीहरूको धारणा समावेश गरिएको छ। यी उद्देश्यहरूलाई नेपालमा सामाजिक सम्झौताको मुख्य परिसरको यरूपमा लिन सकिन्छ र तिनीहरूले वृद्धहरूको लागि सामाजिक सहयोगलाई संस्थागत गर्ने कुरामा सरकारको प्रतिबद्धतालाई समावेश गर्दछन्। मानिसहरूका अवधारणाहरू अन्य प्रकारका तत्वहरूसँग पनि जोडिएका हुन्छन्, जस्तो – सशक्तीकरणमा पेन्सन (सुरक्षा भत्ता) को प्रभाव, पारिवारिक र सामुदायिक सम्बन्ध, लाभ (भत्ता सुविधा) ग्रहणको लागि प्रकृया र लाभ (भत्ता सुविधा रकम) ग्रहण गर्ने मानिसहरूको अनुभव।

यस अनुसन्धानले वृद्ध भत्ता ग्रहणकारीहरूका महत्वपूर्ण राय, अनुभव, सरोकार, प्रार्थमिकतासँगै वृद्ध भत्ता कार्यक्रमलाई सुधारयोग्य बनाउने प्रशिक्षणका बारेमा चर्चा गर्दछ। यस कार्यक्रमको ढाँचा र कार्यन्वयनमा समायोजन गर्नाले मानिसहरूको जीवन र जीविकोपार्जनमा भत्ताको योगदान बढाउन मद्दत गर्न सक्छ। यसको बदलामा राज्यको सकारात्मक अवधारणामा प्रोत्साहन दिनुका साथै राज्य वैधतामा योगदान दिन्छ। यस नीतिले बढ्दो लाभको मापन गर्दछ, योग्यताको सीमाको समीकरण गर्दछ, गाउँ विकास समितिहरूको लाभ वितरण (भत्ता सुविधा रकम प्रदान गर्ने) क्षमातामा सुधार गर्छ, प्रभावकारी सूचना र पहुँचलाई प्रोत्साहन गर्दछ र समावेशी सेवा वितरणका लागि क्षेत्रीय सुधारको प्रारम्भ गर्दछ।

## १. अनुसन्धानका उद्देश्यहरू

यस अनुसन्धानको उद्देश्य नेपालमा सामाजिक सुरक्षा अन्तर्गत वृद्ध (जेष्ठ नागरिक) भत्ता सम्बन्धी राज्य र राज्यको योगदानको औचित्य (वैधता) प्रति जनताका विचार र धारणाहरू प्रस्तुत गर्नु हो। विशेषतः यस अनुसन्धानले रोल्पा जिल्लामा वृद्ध भत्ता प्राप्तकर्ताहरूको राज्यप्रतिको धारणा प्रस्तुत गर्दछ। नेपालमा वृद्ध भत्ता भन्नाले सर्वत्र लक्षित वृद्धहरूमा सर्तरहित नगद स्थानान्तरण भन्ने बुझिन्छ। यो अध्ययन रोल्पाका ३८ जना वृद्ध भत्ता प्राप्तकर्ताहरूसँगको गम्भीर र स्तरीय साक्षात्कारमा आधारित छ।

यो अनुसन्धानको पहिलो पटक एसएलआरसी लङ्गिच्युडनल सर्भे सन् २०१२ मा गरिएको थियो जसले नेपालमा आधारभूत सेवा र सामाजिक सुरक्षा अन्तर्गत जनताको सेवा र सन्तुष्टिको बारेमा दस्तावेज खोजी गरेको छ। अनुसन्धानको दस्तावेजले रोल्पा, वर्दिया र इलाम जिल्लामा वृद्ध भत्ता सन्तुष्टिको सापेक्षिक स्तर निर्धारण गरेको छ। गहन अनुसन्धानले जनताको फाइदा र वेफाइदाको पहिचान गरी कसरी उनीहरूको धारणा राज्यसँग जोड्ने भन्ने कुरा हेर्छ।

सामाजिक सुरक्षा कार्यक्रम भन्नाले नागरिक र राज्यका मूलभूत तत्वहरू राजनीति र दर्शनको सामाजिक सम्झौता हो (कुक, २०१३:२०)। त्यसैगरी सामाजिक सम्झौता भन्नाले "राज्य र समाजबीचको एक क्रियाशील सहमति हो जसमा उनीहरूको आफ्नै खालको भूमिका र जिम्मेवारी हुन्छ'(ओइसिडी, २००८:१७)। सामाजिक सम्झौतामा राज्यले सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत एक यस्तो खालको संरचना निर्माण गर्दछ जसमा राम्रो जीवन र सामाजिक समानताको विकास गर्न आर्थिक सहयोग गर्दछ। त्यस्तो सहयोग गरेवापत राज्यले जनताको सहयोगको आशा गर्दछ। वैधता भन्ने शब्द यसरी वर्णन गरिएको पाइन्छ जहाँ जनताले कुनै पनि निश्चित शासनविधि, राजनैतिक अनुशासनलाई एक सच्चा पालनकर्ता भएर स्वीकार गरेको हुन्छ (ओइसिडी, २०१०)। वैधताको अभावले राज्यमा कमजोरीपना पैदा हुन्छ जसले गर्दा राज्यको अधिकारलाईनै हानि गर्दछ। त्यसैले कुनै पनि कार्य गर्नको लागि वैधताको जरुरी पर्दछ। वैधता जसले आम सेवा प्रदायक र प्रभावकारी शासनको लागि जनता र राज्यबीच निर्माणाधीन सम्बन्धलाई प्रगाढ बनाउनको लागि जरैदेखि टेवा दिइएको हुन्छ। राज्यको सामर्थ्यले यसका उद्देश्य बोकेका सम्झौताहरूलाई पूर्ण गर्दछ। तर मानिसहरूको आशाले राज्य र समाजको विधिलाई नै असर पुर्‍याउँछ। अन्तमा यो त्यसलाई प्रदान गरिन्छ जसले यसलाई स्वीकार गर्दछ र राज्यको शक्तिमा सहयोग पुर्‍याउँछ।

गएको शताब्दीमा नेपाल सरकारद्वारा सामाजिक सुरक्षा अन्तर्गत धेरै कार्यक्रमहरू लागू भएका थिए। वृद्ध भत्ता भनेको कुनै पनि योगदान नगरिकन वृद्ध अवस्थामा सरकारले दिने पेन्सन (सुरक्षा भत्ता) कार्यक्रम हो। यसले उनीहरूको आधारभूत आवश्यकताा पूर्ति गर्न सहयोग गर्दछ। विना योगदानको पेन्सन जसलाई सामाजिक पेन्सन (सुरक्षा भत्ता) पनि भनिन्छ_ यस्ता पेन्सन (सुरक्षा भत्ता) संसारभरि नीतिगत आधार निर्माण गरेर वृद्धहरूमा सामाजिक सुरक्षाको नाँउमा वितरण भइरहेको छ। जुन वृद्धहरू पेन्सन (सुरक्षा भत्ता) पाउनबाट बन्चित छन्, उनीहरूलाई यस कार्यक्रमले आर्थिक रूपमा सहयोग पुर्‍याएको छ।

सामाजिक भत्तालाई सामाजिक सम्झौताको रूपमा पनि लिन सकिन्छ – जहाँ राज्यले वृद्धवृद्धाहरूको आवश्यकताको पहिचान गर्दछ, उनीहरूको सामाजिक हक अधिकारको स्थापना गर्दछ र उनीहरूको लागि संस्थागत प्रशासनिक परिपाटीद्वारा मौद्रिक ब्यवस्था अनुकूल बनाइदिन्छ (बबाजनियन,२०१२)। नेपालमा बहुसाङ्ख्यिक सामाजिक सुरक्षा कार्यक्रमहरू जस्तै वृद्ध भत्तालाई राज्य र समाजबीचको उदीयमान सम्झौता भन्न सकिन्छ किनभने यस्तो भत्ता एकीकृत बार्षिक बजेटमा समावेश गरिएको हुन्छ र राजस्व शीर्षकमा सङ्कलित रकमबाट वितरण गरिन्छ (कोइलर, २०११:१४)। भत्ता सम्वन्धी मानिसहरूका केही सीमित अनुभूतिमूलक अवधारणाहरू पाइन्छन् र यस्तो सामाजिक भत्ताले राज्य संस्थाहरूको औचित्यलाई केन्द्र र स्थानीय तबरमा बिस्तार गर्न सहयोग पुर्‍याउँछ।

यस अध्ययनले कसरी नेपालमा सामाजिक सुरक्षा अन्तर्गत वृद्धा भत्ताले राज्यको वैधता (औचित्यता) मा कस्तो खालको प्रभाव पारिरहेको छ भन्ने बारे मानिसहरूले आफ्नो धारणा प्रस्तुत गर्दछन् । राज्यको औचित्य (वैधता) लाई मानिसहरूका कार्यमा केद्रित गरेर, जस्तै मतदान र राजनैनिक गतिविधि अथवा निश्चित नीति र सुधारका लागि सर्वसाधारणको गहिरो सहयोगको रूपरेखालाई वैकल्पिक रूपमा हेर्न सकिने छ । तर मानिसको धारणाका बारेमा अध्ययन गरिरहँदा कहिलेकाहीं महत्वपूर्ण तौर तरिकाहरू, सर्वसाधारणले पाउने सेवाहरू, जनताको धारणा र आचरणमा प्रभाव पार्ने कुराहरू छुट्न सक्दछन् । त्यसैले राज्यको वैधानिकता (औचित्यता) सम्बन्धी भिन्न छवि प्रकट हुन्छ जसमा सामाजिक जटिलता, आर्थिक र संस्थागत कारक तत्वहरूले राज्यको वैधानिकता (औचित्यता) लाई असर गर्दछन् । यस अनुसन्धानले मानिसहरूको केन्द्रीय सरकार र गाँउ विकास समिति (गा.वि.स), तल्लो स्तरको सरकार दुबै सम्बन्धी दृष्टिकोण प्रस्तुत गर्दछ ।

यस अध्ययनलाई यसरी व्यवस्थित गरिएको छ : खण्ड २ मा वृद्ध (जेष्ठ नागरिक) भत्ताका मुख्य विशेषताहरू र सरकारको यस कार्यक्रमप्रतिका उद्देश्यहरूबारे प्रकाश पारिएको छ। खण्ड ३ मा विश्लेषणात्मक रूपरेखा प्रस्तुत गरिएको छ र खण्ड ४ मा अनुसन्धान विधि बारे पुन : अध्ययन गरिएको छ। खण्ड ५–९ मा अनुसन्धानका परिणामहरू प्रस्तुत गरिएको छ जसमा उत्तरदाताहरूको वृद्ध भत्ता सम्वन्धी ज्ञानबारे चर्चा गरिएको छ। खण्ड ५ मा उक्त भत्ताका कारक तत्वहरू समावेश गर्दै वृद्धहरूका लागि सामाजिक अधिकार स्थापनाका लगि राज्यप्रतिको दृष्टिकोण समावेश गरिएको छ। खण्ड ६ मा उनीहरूको राम्रो अस्तित्वको लागि उपयोगिता र योगदानबारे प्रकाश पारिएको छ भने खण्ड ७ मा सशक्तीकरण र पारिवारिक सम्वन्धका प्रभावका बारेमा चर्चा गरिएको छ। यस्तै खण्ड ८ मा सामाजिक समावेशीकरण र सामुदायिक सम्बन्धको आशयका बारेमा प्रकाश पारिएको छ भने खण्ड ९ मा संगठनको लाभ (भत्ता–सुविधा रकम) वितरण प्रक्रियाका बारेमा उल्लेख गरिएको छ। अन्तमा, खण्ड १० मा अनुसन्धानका परिणाम र नीतिगत सार प्रस्तुत गरिएको छ।

## २. वृद्ध (जेष्ठ नागरिक) भत्ता : राज्य र जनताबीचको सामाजिक सम्झौता ?

वृद्ध भत्ता नेपाल कम्युनिस्ट पार्टी (एमाले) को सरकारका प्रधानमन्त्री मनमोहन अधिकारीको कार्यकालमा सन् १९९४ बाट शुरु गरिएको हो। सरकारले यसलाई सन् २००८–२००९ मा परिमार्जन गर्‍यो। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय (MoWCSW) राष्ट्रिय स्तरमा यो कार्यक्रम संचालनका लागि जिम्मेवार छ भने स्थानीय विकास मन्त्रालयको सहकार्यमा गा.वि.स. मा लाभग्राहीका लागि भत्ता वितरण गरिन्छ।

कार्यक्रमले राष्ट्रिय क्षेत्र ओगटेको छ। यो सबै योग्य नागरिकहरूले पाउने छन् तर जसले योगदानस्वरुप पेन्सन (सुरक्षा भत्ता) पाइरहेका छन् उनीहरुको हकमा भने यो कार्यक्रम लागू हुँदैन। यो जीविका जिउने सामाजिक पेन्सन (सुरक्षा भत्ता) भन्दा फरक छ, जहाँ वृद्ध अवस्थाका व्यक्तिहरूको आय एक पूर्वनिर्धारित आय सीमा भन्दा तल हुन्छ (बंगलादेशको उदाहरण)। राष्ट्रिय जनसंख्या र आवास जनगणना अनुसार नेपालमा ६० बर्ष र सो भन्दा बढी उमेरका वरिष्ठ नागरिकहरू २१ लाख भन्दा बढी छन्, जुन कूल जनसंख्याको ८ प्रतिशत हुन आँउछ (एन.पी.सी, २०१२ क)। नेपालमा सर्वव्यापी मान्यताले यो कुरा सुनिश्चित गरेको छ कि ८० प्रतिशन भन्दा बढी वृद्धहरूले पेन्सन (सुरक्षा भत्ता) पाँउछन् (बबाजनियन, २०१३)। यस कार्यक्रमले ७० बर्ष नाघेका वृद्धाहरू र सम्पूर्ण दलित तथा कर्णाली क्षेत्रका सबै बासिन्दा (नेपालको एउटा अति विकट क्षेत्र), जसको उमेर ६० बर्ष भन्दा माथि छ उनीहरूलाई प्रति महिना नेपाली रुपैंया ५०० (५ अमेरिकी डलर) का दरले नगद हन्तान्तरण गरिन्छ। वृद्ध भत्ताका मुख्य विशेषताहरू तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १: वृद्ध भत्ताका मुख्य विशेषताहरू**

| योग्यता | अवकाश उमेर | जन्म जीवनकाल | ६0+ वर्ष भन्दा माथि उमेरका मानिसहरूको प्रतिशत जसले सामाजिक सुरक्षा भत्ता पाइरहेका छन् | मासिक हन्तान्तरण को आकार | गरिबीको रेखा (व्यक्ति/महिना ) | लागत (कूल गार्हस्थ्य उत्पादन) |
|---|---|---|---|---|---|---|
| विश्वव्यापी | दलित र कर्णाली बासी ६० वर्ष भन्दा माथि र अरू जातिहरू ७० वर्ष भन्दा माथि | दलित ५१ वर्ष र अरू जातिहरू ६१ बर्ष | २००९–१० मा ८० | ५०० रुपैंया (५अमेरिकी डलर) | १,६०५ (अमेरिकी डलर १७) (२०१०–११ राष्ट्रिय न्यूनतम निर्वाह ) | २०११ मा ०.३५ |

सरकारले वृद्ध भत्ताद्वारा वृद्धहरूलाई सहयोग र भरथेग गर्ने प्रतिबद्वता जनाएको छ। नेपाल २१ वटा यस्ता देशहरूभित्र पर्दछ जसले वृद्ध मानिसहरूका लागि भत्ता दिने भनेर राष्ट्रिय नीति अगाडि सारेका छन्। नेपालले १२ देशभित्र परेर वृद्धहरूका लागि राष्ट्रिय नीति समेत पारित गरेको छ। (युएनएफपिए र हेल्पएज इन्टरनेशनल, २०१२)। २००७ मा वरिष्ठ नागरिक ऐन र २००९ मा वरिष्ठ नागरिक नियमावली समेत समावेश गरिएका छन्।

वृद्ध भत्ताले तीन मुख्य उद्देश्य लिएको छ जसलाई राज्य र नागरिकबीचको सामाजिक सम्झौताका मुख्य परिसरको रूपमा पनि देख्न सकिन्छ। तिनमा निम्न कुराहरू समावेश भएका छन् :

- वृद्धहरूको लागि सार्वजनिक भरथेगको संस्थागत विकास
- वृद्धहरूमा गरिबी र असुरक्षालाई कम गर्नु सामाजिक समावेशीकरणको प्रवृर्द्धन

**वृद्धहरूको लागि सार्वजनिक भरथेगको संस्थागत विकास** : वृद्ध भत्ताले वृद्धहरूको लागि औपचारिक रूपमा सार्वजनिक भरथेग प्राप्त गर्न उचित व्यवस्थाको स्थापना गरेको छ। यसलाई व्यक्तिगत आधारभूत आवश्यकता पूर्ति गर्नको लागि एक आय स्रोतको रूपमा पनि लिन सकिन्छ जुन व्यक्तिहरू श्रम बजारमा निर्भर भएका छन् (बबाजानियन र हेगन–जनकर, २०१२)। नेपालमा वृद्धहरूको लागि सांस्कृतिक मूल्यमान्यताले अति महत्वपूर्ण भूमिका खेलेको पाइन्छ (उप्रेती, २०१०)। यस 'सम्मानको बिन्दु' मा उनीहरू सम्माननीय छन् जसले परिवार, समाज र देशको लागि मूल्यवान योगदान दिइरहेका छन् (हेल्पएज इन्टरनेशनल, २००९:२)। यद्यपि वृद्ध भत्ता आरम्भ हुनु भन्दा अगाडि, योगदान वापत औपचारिक पेन्सन (सुरक्षा भत्ता) प्राप्त गर्ने वृद्धहरू बाहेक ठूलो संख्यामा रहेका अन्य वृद्धहरूलाई राज्यको तर्फबाट कुनै पनि सहयोग थिएन। नेपालमा योगदानस्वरुप पेन्सन पाउनेहरूको संख्याले एउटा सानो अंश मात्र ओगटेको छ तर सार्वजनिक क्षेत्रमा काम गर्नेहरूको संख्याको मात्रा भने वृहत् छ। बहुसांख्यिक वृद्धहरू आर्थिक सहयोग र सामाजिक हेरविचारका लागि सम्पूर्ण रूपमा आफ्ना परिवार र आफन्त जनहरूको भरोसामा छन्। वृद्ध भत्ताले एक यस्तो जीवन चक्रको विशिष्ट चरण, जहाँ वृद्धहरूले भरपर्दो आय आर्जन गर्न सक्दैनन्, उक्त अवस्थामा गरिने सहयोगको सम्बोधन गर्न खोजेको छ।

**वृद्धहरूमा गरिबी र असुरक्षालाई कम गर्नु** : वृद्ध (जेष्ठ नागरिक) भत्ता राट्का वृद्धहरूको गरिबी न्यूनीकरण र उच्च जीवनस्तर बिस्तार गर्नको लागि राष्ट्रिय उद्देश्यसँग जोडिएको छ (श्यामसन, २०१२) । सार्वभौमिक अधिकारको परिचय दिइरहँदा, यस्ता उदासीन सम्भावना जहाँ सरकारले अधिकांश वृद्धहरूको उच्च बुढेसकालीन गरिबीको स्तर र उनीहरूबीचको असुरक्षाको अवस्थालाई न्यूनीकरण गर्नु पर्दछ ।

विश्व आयु निगरानी सूचकाङ्क (ग्लोबल एज वाच इन्डेक्स) २०१३ ले नेपालका वृद्धहरूको जीवनस्तर र स्वास्थ्यको आधारमा ९१ देशमध्ये ७७ औं देशमा नेपाललाई अङ्कित गरेको छ (हेल्पएज इन्टरनेशनल, २०१३) । विगतका दशकमा उनीहरूको असुरक्षाको स्थितिमा परिवारिक समर्थनको आधारलाई परिवर्तन गर्ने कुरामा ध्यानाकर्षण गरिएको थियो । विप्रेषण (रेमिटान्स) प्राप्त गर्ने आशामा गरिखाने उमेरका मानिसहरू बसाइ सर्ने हुँदा यसको फलस्वरुप वृद्धाहरु एक्लै बस्ने आवस्थामा पुगेका हुन्छन् (केसी, २०१२) । त्यसै कारणले सामाजिक सुरक्षा वृद्धहरूको लागि अत्यन्तै आवश्यक छ जो पारिवारिक संजालको लाभ (सुविधा) बाट बन्चित छन् ।

**सामाजिक समावेशीकरणको प्रवर्द्धन** : सरकारको वृद्ध भत्ता कार्यक्रमको ढाँचा समानता र सामाजिक समानतालाई प्रोत्साहन गर्ने खालको छ । विभिन्न सामाजिक समूह मार्फत विद्यमान समाज र आर्थिक विभाजनको पहिचान हुन्छ, यसले विश्वव्यापी रुपमा विभिन्न खालका वृद्ध भत्ताबारे जानकारी गराँउदछ, 'जात र जातीयताको आधारमा तय गर्छ' (श्यामसन, २०१२:२१९) । यसले दलितहरुलाई पनि अतिरिक्त सहयोग प्रदान गर्दछ, जो ऐतिहासिक रूपमा अधिकारविहीन छन् (बाक्स १) । विशेषतः सरकारले ६० वर्षको उमेरमा वृद्ध भत्ता ग्रहण गर्न योग्य भनेर सीमारेखा तोकिदिएको छ । यसले नेपालमा दलितहरूको जीवनकाल अरू समुदायको भन्दा कम छ भन्ने कुरा देखाएको छ ।

**बक्स १ : नेपालमा सामाजिक असमावेशिता** : नेपाल एक उच्च असमान सामाजिक संरचना भएको द्वन्द्वोत्तर देश हो । नेपालमा हिन्दू जातजाति पद्धतिले 'उच' र 'नीच' जात भनेर विभाजन गरेको छ जसले सामाजिक असमावेशिताका कारण समाज वर्गीकृत भएको छ (वर्ल्ड बैंक, २००६) । सन् २००१ को जनगणनाले नेपालमा कूल १०३ जातजातिका मानिसहरु रहेका छन् जसमध्ये ५७ प्रतिशत हिन्दू वर्ग, ३७ प्रतिशत आदिवासी/जनजाति बर्ग र ४ प्रतिशतलाई धार्मिक विशिष्टताको व्यक्तिहरु रहेको पाइन्छ । यही जाति प्रथाले जनसंख्याको आधारमा ब्राह्मण, क्षेत्री र नेवार उच्च वर्गमा, निम्न वर्गमा तराइवासी र दलितलाई तल्लो वर्गमा वर्गीकरण गरिएको पाइन्छ । 'अल्पसंख्यक जातिहरू' जस्तै आदिवासी/जनजातिहरू (आदिवासी मानिसहरू) र मुसलमानहरू पनि सोही वर्ग भित्र पर्दछन् जुन तल्लो जात भनेर छुट्याइएको छ । सरकारले आधिकारिक रूपमा ५९ वटा जाति/आदिवासीहरूलाई 'संकटग्रस्त', 'अत्यन्तै सीमान्तकृत', 'सीमान्तकृत' 'सुविधाहीन', र 'लाभान्वित' भनेर सामाजिक-आर्थिक रूपमा वर्गीकरण गरेको छ ।

विशिष्ट वर्गमा पर्ने क्षत्री र ब्राह्मणको तुलनामा, अल्पसंख्यक र दलित जातिहरू, जस्ते जनजाति र मुसलमानहरू चर्को खालको आर्थिक र सामाजिक अभाव भ्केली रहेका छन् । सन् २००६ को जनसंख्या र स्वास्थ्य सर्वेक्षण अनुसार, ८० प्रतिशत दलित र ७० प्रतिशत जनजाति (५० प्रतिशत बाह्मण र क्षत्रीको दाँजोमा) हरूलाई एक भ्कुण्ड मानेर तीन समूहमा विभाजन गरिएको छ (बेनेट र अन्य सहयोगीहरू, २००८) । आधा भन्दा बढी दलितहरू र ४० प्रतिशत जनजातिहरू (तर मात्र २८ प्रतिशत ब्राह्मणहरू) ले उनीहरूसँग रकम नभएर स्वास्थ्य उपचार गर्न सकिहरेका छैनन् भनेका थिए । उनीहरूका मानव विकास संकेतकहरू अति निम्न छन् । संकेतका लागि - दलितहरूको अनुमानित आयु जन्मेदेखि ६७ वर्षसम्म, जनजाति र मुसलमान दुवैको ७० वर्ष र ब्राह्मण र क्षत्रीहरूको ७४ वर्षसम्म छ (नेपाल सरकार र युएनडिपी, २०१४) । जनजाति र ब्राह्मण क्षत्रीको तुलनामा केही दलितहरू (४८ प्रतिशत) अशिक्षित छन् जहाँ ३३ प्रतिशत जनजाति र २४ प्रतिशत ब्राह्मण क्षत्री अशिक्षित छन् (नेपाल सरकार र युएनडिपी, २०१४) । यी वर्गहरूमा महिला र पुरुषहरू बीच बिल्कुलै असमानताहरू छन् । त्यसैले दलित महिलाहरू पुरुषको दाँजोमा आधा प्रतिशत नै अशिक्षित छन् । जसअनुसार महिलाहरूको निरक्षर दर ६९ प्रतिशत छ भने पुरुषको ३४ प्रतिशत छ (बेनेट र

अन्य सहयोगीहरू, २०१४:५९) । नेपालमा सामाजिक असमावेशिताको विस्तृत विवरण तथा प्रभाव र परिणामका लागि अधिकारी र अन्य साथीहरू (२०१४:५९) हेर्नुहोला ।

## ३. विश्लेषणात्मक रूपरेखा

यस अनुसन्धानको ढाँचा परिवर्तनको दृष्टिकोण अँगालेको सिद्धान्तबाट व्युत्पन्न भएको विश्लेषणात्मक रूपरेखामा आधारित छ । यो दृष्टिकोणमा वैचारिक र विश्लेषणात्मक आधार विकास गर्न आवश्यक छ जसले अनुसन्धान सर्वेक्षण ढाँचा तयार गर्दछ (ह्वाइट, २००९) । अध्ययनको लागि अनुसन्धानका प्रश्नहरू र परिकल्पनाहरूको विकास गर्दा, अनुसन्धान टोलीले स्पष्ट र विश्वास योग्य सैद्वान्तिक अनुमानलाई शुद्व रूपमा प्रस्तुत गर्दछ जसले परिवर्तनको आविष्कारका लागि सिद्वान्त निर्माण गर्दछ – यस अनुमानमा किन र केद्वारा आविष्कारका बाटाहरूमा विशिष्ट प्रभाव पार्दछ भन्ने बारेमा पत्ता लगाउने अपेक्षा राखिन्छ ।। तत् पश्चात, अनुसन्धानको प्रार्थमिक आँकडा उत्पन्न हुन्छ जसले कसरी वास्तविक जीवनमा परिकल्पनाले परिवर्तनको सिद्धान्त निर्धारण गर्दछ भन्ने कुराको मूल्यांकन गर्दछ ।

यस अनुसन्धानले कसरी वृद्ध भत्ताले मानिसहरूको राज्यप्रतिको दृष्टिकोणका अवधारणामा असर पार्दछ र उक्त असरले राज्यको वैधतामा कस्तो प्रभाव पार्दछ भन्ने निश्चित गर्दछ । यस अनुसन्धानको परिकल्पना अनुसार वृद्ध भत्ताले मानिसहरूको राज्यप्रतिको दृष्टिकोण (सकारात्मक अथवा नकारात्मक) मा प्रभाव पारेको छ । परिवर्तनको सिद्धान्त विकास गर्दा, हामीहरूले राज्यप्रति मानिसहरूको अवधारणा सम्बन्धी प्रमुख कारक तत्वहरूको पहिचान गरेका छौं र यसबारे उनीहरूले के गर्छन् भन्ने मान्यताको अनुमान गरेका छौं । ती कुरालाई विश्लेषणात्मक ढाँचामा तालिका नं २ मा प्रस्तुत गरिएको छ । हामीहरूले यसलाई दुई भिन्नाभिन्नै खण्डमा पहिचान गरेका छौंः (१) वृद्ध भत्ताको विशिष्ट उद्देश्यको सम्बन्धमा, र (२) सामाजिक पेन्सन सम्बन्धी लेखहरू र समीक्षाहरूलाई आधार बनाएर ।

सर्वप्रथम, राज्यले सकारात्मक अवधारणा लिएर सामाजिक सम्झौताका परिणामहरूलाई परिपूर्ण गरिरहेको छ भन्ने हाम्रो मान्यता छ । माथि उल्लेख गरे अनुसार, हामीले वृद्ध भत्ताको प्रावधानलाई सामाजिक सम्झौताको एक मुख्य खण्ड (भाग) हो भनेर भनेका छौं जुन सरकारका प्रमुख उद्देश्यहरूसँग सम्बन्धित छ । सरकारले वृद्ध व्यक्तिहरूका लागि वैधानिक सामाजिक समर्थन (सहयोग) को व्यवस्था, वृद्धहरूलाई राम्रो जीवनको लागि सहयोग र सामाजिक समावेशितामा प्रोत्साहन गर्न हरपल कोसिस गरिरहेको पाइन्छ । सर्वसाधारणको दृष्टिकोण अनुसार, कसरी यो उद्देश्यहरू मानिसका लागि उचित र महत्वपूर्ण छ र कसरी यसले मानिसको दृष्टिकोण र मनोवृत्तिमा असर गर्छ भन्ने कुरा हामीहरूले पत्ता लगाउन सक्छौं ।

दोस्रो, नेपालमा र अन्य मूलुकहरूमा अनुसन्धानका प्रमाणहरूका आधारमा सामाजिक पेन्सनले परिवार र समाज बीचको सम्वन्धमा प्रभाव पार्दछ भन्ने कुरा विस्तृत रूपको अध्ययन समीक्षाले देखाउँदछ । विशेषरूपमा, नगद प्रदान गर्ने कार्यका यस्ता प्रमाणहरू पनि छन् जहाँ मानिसहरूको सशक्तीकरणमा परिवर्तन हुनुका साथसाथै समाजका अन्य सदस्यहरूसँगको सम्बन्धमा पनि राम्रो प्रभाव परेको देख्न सकिन्छ । यसको अलावा, प्रकिया अपनाउने र लाभ (भत्ता सुविधा रकम) वितरण गर्ने संस्थाहरूले मानिसहरूका अनुभव र विचारहरूका आधारमा राज्यनिकाय अन्तर्गत पर्ने केन्द्रीय र स्थानीय दुवै तहमा प्रभाव पार्ने सम्भावना छ । यसै कारणले मानिसहरूको जीवन र जीविकोपार्जनका लागि प्रत्यक्ष रूपमा तत्काल प्रभाव परिरहेको छ र यही प्रभावले गर्दा उनीहरूले राज्यसँग आफ्नो सन्तुष्टिका चित्रहरू कोर्न सकिरहेका छन् ।

अब हामी यस अनुसन्धानको मुख्य अनुमानको परीक्षण गरेर हेर्दछौं । सर्वप्रथम, वृद्ध व्यक्तिहरूका लागि सामाजिक अधिकारको स्थापना गर्ने कुरामा सरकारको प्रयासप्रति सकारात्मक धारणा उत्पन्न हुन सक्छ । सामाजिक पेन्सनले यस कुरालाई अभिव्यक्त गर्दछ जसमा राज्यद्वारा वृद्धहरूको पहिचान र उनीहरूप्रति सम्मान व्यक्त भएको छ, जुन व्यक्तिहरू व्यापकरूपमा नेपाली समाजमा श्रद्धेय छन् (हेल्पएज इन्टरनेशनल, २००९) ।

अर्को, वृद्ध भत्ताको सहयोगले मानिसहरूको जीवनमा सकारात्मक जीवनयापनमा भरथेग भएको छ । त्यसैले यसले मानिसहरूको यसप्रति सकारात्मक अवधारणा ल्याउने छ । विशेषगरी, मानिसहरू सरकारको सकारात्मक दृष्टिकोणप्रति खुसी छन् जहाँ नगद प्रदान गर्ने कार्यले गर्दा उनीहरूको व्यक्तिगत र परिवारिक रूपमा अति आवश्यक वस्तुहरू पूर्ति गर्न सहयोग भएको छ ।

एउटा अतिनै महत्वपूर्ण कुरा के हो भने योगदानस्वरुपका भत्ताहरूलाई पेन्सनरहरूको लागि मात्र राम्रो जीवनयापनको रूपमा सोच्नु हुँदैन, यो त उनीहरूको घरपरिवारको लागि पनि हो भनेर सोच्नु पर्छ । नेपालमा सामाजिक मान्यताहरूलाई एक महत्वपूर्ण साझेदारी स्रोत र आपसी एकताका रूपमा प्रस्तुत गरिएको पाइन्छ । यहाँ केही प्रमाणहरू पनि छन् जहाँ वृद्धहरू आफ्नो भत्तालाई परिवारका अन्य सदस्यहरूसँग पनि साझेदारी गराउँछन् (श्यामसन, २०१२; हेल्पएज इन्टरनेशनल, २००९; उप्रेती, २०१०) । उनीहरूले यसै भत्ता मार्फत आफ्ना परिवारहरूका लागि पनि आवश्यक सामग्रीको सहयोग गर्नुका साथै परिवारका अन्य सदस्यहरूको अनौपचारिक हेरविचार गर्छन् ।

तेस्रो, वृद्ध भत्ताले परिवारभित्र सशक्तीकरण र उनीहरूबीचको पारस्परिक सम्बन्धमा प्रभाव पार्न सक्छ र त्यसैले मानिसहरूको राज्यप्रति दृष्टिकोणमा असर पर्न सक्दछ । यी असरहरू पेन्सनको वितरणका प्रभावहरूसँग जोडिएको हुन सक्छ । यो एक आय स्रोतको अवसर हो र वृद्धहरू आफ्नो योगदान परिवारहरूप्रति दर्शाउँछन् जसले वृद्धहरूको आत्मविश्वासमा सुधार र सशक्तीकरणको संवेग उजागर गर्दछ र उनीहरूको घरमा आफ्नो स्थान मजबुत बनाउनको लागि अति नै महत्वपूर्ण भूमिका खेल्दछ । यसको विपरीत, लाभग्राहीहरूको भत्ता परिवारमा साझेदारी नगर्दा परिवार तनावतिर जान्छ र पारिवारिक द्वन्द्वको सिर्जना हुन्छ (र अन्तमा यसको नतिजा स्वरुप घरायसी समर्थन रहँदैन र पारिवारिक सम्बन्धमा फाटो आउन सक्छ) ।

चौथो, दलित लाभग्राहीहरूले सरकारको यस प्रयासलाई कदर गर्दछन् जसले ६० बर्षको उमेरमा नगद लाभ (भत्ता रकम) प्राप्त गर्दछन् र उक्त नगदले उनीहरूको जीवनस्तरमा प्रोत्साहन गर्दछ । अर्कोतर्फ, यो लक्ष्यको दृष्टिकोणको हिसाबले हेर्ने हो भने यसले दलितहरूको योग्यताको सीमा तोकिदिएको छ जसले उनीहरूका लागि नकारात्मक मनोभाव उत्पन्न गर्न सक्छ र यसले दुवै खालका सामाजिक सम्बन्ध र लाभग्राहीहरूका राज्यप्रतिका धारणाहरूलाई असर गर्न सक्दछ । उदाहरणको लागि, हलमेस र ज्याक्सन (२००८) र हलमेस (२००९) ले सिरियालियोनमा गरेको अध्ययन अनुसार निश्चित सामाजिक समूहमा लाभ (सेवा सुविधा) लक्षित सामाजिक समूहका विभाजनले असमानता र खराबपना ल्याउन सक्दछ भन्ने कुराको सुझाव दिएका छन् । यस अध्ययनले माथि उल्लेख गरेझैँ एक समान लक्ष्य र दृष्टिकोणका आधारमा रोल्पालाई एक परीक्षणको रूपमा लिएको छ ।

अन्तमा, लाभ (भत्ता सुविधा रकम) वितरण गर्ने प्रकृया र संगठनहरूले मानिसहरूको राज्यका निकायहरूप्रतिको दृष्टिकोणमा प्रभाव पार्न सक्दछन् । उदाहरणको लागि, अधिकारी र सहयोगीहरु (२०१४) ले नेपालको कर्णाली जिल्लामा गरिबी हटाउन कार्यान्वयन गर्न दिइएको बाल अनुदानले लाभग्राहीबीच राज्यप्रति नकारात्मक धारणाको सिर्जना भएको कुरा उल्लेख गरेका छन् । थप विशेष, उत्तरदाताहरूले यो लाभ (सेवा सुविधा) प्राप्त गर्नको लागि आवेदन प्रकृयाकासाथै लाभ (भत्ता सुविधा रकम) को आंशिक र अनियमित भुक्तानीका अप्ठ्याराहरूले गर्दा उनीहरूको यसप्रतिको धारणामा प्रभाव पर्दछ । यो अनुसन्धान लाभ (भत्ता सुविधा रकम) भुक्तानीका विभिन्न प्रकारका महत्वपूर्ण पक्षहरूसँग केन्द्रित छ; जस्तै समयमै र सजिलोसँग दर्ता, बारम्बार दिइने लाभ (सेवा सुविधा रकम) भुक्तानीको पूर्णता र भुक्तानी प्रकियामा सजिलो विधि (उदाहरणको लागिः बैंक मार्फत, गा.वि.स. पदाधिकारीहरू अथवा आफ्नै घरमा) ।

यसै बिषयवस्तुमा आधारित रहेर उत्तरदाताहरूका अवधारणाहरूलाई हेर्ने हो भने, अनुसन्धानकर्ताहरूले अन्य मुद्दाहरू पनि हेर्न जरुरी छ जसले मानिसहरूको राज्यप्रतिका धारणामा प्रभाव पारेका छन् । विषेशतः उनीहरूलाई खुल्ला प्रश्न

सोध्नुका साथै सत्यनिष्ठाका साथ लाभग्राहीहरूका दृष्टिकोण र केही प्रमुख चर्चाका बिषयहरू साक्षात्कार पुस्तिकाका आधारमा तय गरियो । उत्तरदाताहरूले उक्त विषयमा उठाएका कुराहरूमा लचकताका साथ छलफल गरियो ।

**तालिका नं २ : विश्लेषणात्मक रूपरेखाः वृद्ध भत्ताका कारक तत्व, यसले जन्माउने अनुमानले कसरी मानिसहरुको राज्यप्रतिको धारणामा प्रभाव पार्दछ**

| प्रभाव पार्ने तत्वहरू | अनुमानहरू |
|---|---|
| आय भरथेग गर्न वृद्ध भत्ताको स्थापना | लाभग्राहीहरूले राज्यले वृद्धहरूको पहिचान र उनीहरूप्रति सम्मान एवम् सहयोग गर्ने प्रतिवृद्धता देखेर राज्यप्रति सर्मथन गरेका छन् । |
| वृद्धहरूको भलाइ र आफ्नो परिवारप्रति सहयोग | लाभकर्ताहरूले वृद्ध भत्ताले सकारात्मक रूपमा उनीहरूको भलाइ गर्नुका साथै आफ्नो परिवारमा आवश्यक व्यक्तिगत/घरयासी आधारभूत आवश्यक्ताहरू पूरा गर्न सहयोग गरेको छ भन्ने कुरामा विश्वास गर्दछन् । |
| सशक्तीकरण र पारिवारिक सम्बन्ध | वृद्ध मानिसहरू सरकारले दिएको यस भत्तालाई आफ्नो परिवारका सदस्यहरूसँग बाँड्दछन्; यसले आफ्नो आत्म–सम्मानलाई अझ बढाउँछ र परिवारभित्र आफ्नो सम्वन्धलाई अझ मजबुत बनाउँछ ।<br><br>यसको विपरीत, लाभग्राहीहरूले आफूले पाएको भत्ता आफ्नो परिवारमा नबाँढ्ने विचार गरेका छन् भने उनीहरूको घरमा पारिवारिक तनाव, द्वन्द्व र असुरक्षा हुन सक्दछ । |
| सामाजिक समावेशिता र सामुदायिक सम्वन्ध | दलित लाभग्राहीहरूले उनीहरूलाई ६० वर्षकै उमेरमा दिइने भत्तालाई सराहना गरेका छन् ।<br><br>दलितहरूलाई चाँडैनै दिइने भत्ताले गर्दा अन्य गैर दलितहरूबीच नकारात्मक मनोवृत्ति पैदा हुन्छ । |
| लाभ (भत्ता सुविधा रकम) वितरण | लाभग्राहीहरूको अनुभव अनुसार यस्तो लाभ (भत्ता सुविधा रकम) ले उनीहरूको राज्यप्रतिको धारणामा प्रभाव पार्न सक्छ; जस्तै दर्ता प्रक्रियामा महत्वपूर्ण पक्षहरूको समावेशिता, लाभ (भत्ता सुविधा रकम) भुक्तानीमा पारदर्शिता र आवृत्ति र लाभ (भत्ता सुविधा रकम) भुक्तानीका पद्धतिहरू । |

## ४. अनुसन्धान पद्धतिहरू

यो अनुसन्धान रोल्पा जिल्लामा सेप्टेम्वर र अक्टोवर, २०१३ मा गरिएको थियो । आवश्यक आँकडा प्राप्त गर्न लाभग्राहीहरूसँग गहन र संवादपूर्ण साक्षत्कारलाई मुख्य विधिको रूपमा प्रयोग गरिएको छ । यस अनुसन्धान रोल्पाका दुईवटा गा.वि.स. (रोल्पाको सदरमुकाम लिवाङ र बुढाँगाउँ) मा गरिएको थियो भने यसमा तीन वटा वडाहरु (गाउँहरू) समावेश गरिएका थिए । तालिका नं ३ मा प्रत्येक गा.वि.स.मा संलग्न वडाहरूको सूची प्रस्तुत गरिएको छ । वृद्ध मानिसहरूलाई आफ्नो पेन्सन प्राप्त गर्नको लगि गा.वि.स. कार्यालय पुग्न सजिलो होओस् भनेर भौगोलिक निकटता र छोटो समयलाई ख्याल गरेर यी वडाहरू छानिएका हुन् ।

**तालिका नं ३ः रोल्पाका कार्यक्षेत्रहरू**

| गा.वि.स. | लिवाङ (जिल्ला सदरमुकाम) | बुढाँगाउँ (गा.वि.स.) |
|---|---|---|
| वडा, गाँउका नामहरू | ४. रेउँगा | ९. खर्क |
| | ५. मूलपानी | १. सिमपानी, रामनली |
| | ६. बजार (गा.वि.स. कार्यालय) | ५. रानागाँउ |

यो अनुसन्धान सामाजिक र जनसांख्यिक विशेषताहरूका आधारमा विभिन्न अवधारणाहरूलाई समेट्नका लागि डिजाइन गरिएको थियो । त्यसैले यस अध्ययनले विभिन्न आनीबानी भएका मानिसहरूबीचका विशिष्ट अनुभवहरूले कसरी मानिसहरूका अवधारणामा प्रभाव पार्दछन् भन्ने कुरा हेर्दछ; जस्तै यसमा महिला र पुरुषका साथसाथै विभिन्न सामाजिक समूहका व्यक्तिहरू जसमा ब्राह्मण, क्षत्री, दलित र जनजाति पर्दछन् । अनुसन्धानकर्ताहरूले ३८ जना वृद्धभत्ताका लाभग्राहीहरूसँग साक्षतकार गरेका थिए जसमा २२ जना महिला र १६ जना पुरुष थिए जो विभिन्न जातजातिका थिए । उत्तरदाताहरुमा १२ जना दलित, ११ जना जनजाति, ९ जना क्षत्री, र ६ जना ब्राह्मण थिए । अनुसन्धानकर्ताले लिवाङका गाविस सचिवसँग पनि अन्तर्वार्ता लिएका थिए, जसले वृद्धभत्ता वितरण गर्ने जिम्मेवारी पाएका थिए । बुढाँगाँउ गा.वि.स का सचिव भने अन्तर्वार्ताका लागि उपलब्ध थिएनन् ।

वृद्ध भत्ता प्राप्त गर्नेहरूको सूची भने लिवाङ गा.वि.स. कार्यालयबाट प्राप्त गरिएको थियो । उक्त सूचीलाई विभिन्न तबरले लैंगिक, जातीय, वर्गको आधारमा वर्गीकरण गरिएको थियो । त्यसपछाडि उत्तरदाताहरू प्रत्येक स्थानबाट आकस्मिक रूपमा छनौट गरिएका थिए । अन्तर्वार्ता शुरु गर्नु भन्दा अगाडि, अनुसन्धानकर्ताको टोलीले त्यहाँका स्थानीय समस्याहरू थाहा पाउन र स्थानीयहरूसँग घनिष्टता बढाउनका लागि सोही स्थानका स्थानीय समूहका प्रतिनिधिहरूसँग गोष्ठी आयोजना गरेको थियो । प्रत्येक अन्तर्वार्ता एक अनुसन्धानकर्ताले संचालन गरेका थिए, जसले एउटा अडियो रेकर्डर लिएर अन्तर्वार्ता रेकर्ड गर्नुका साथै टिपोट पनि गरेका थिए । प्रत्येक दिन अन्तर्वार्ता पश्चात एउटा अभिलेख पुस्तिका तयार गरिएको थियो, जहाँ अनुसन्धानकर्ताहरूले उनीहरूको अवलोकन, प्रश्नहरू र प्रतिकृयाहरूको अभिलेख राख्ने गर्दथे । अन्तवार्ताहरू हातैले लेखेर कोड दिइन्थ्यो र आँकडाहरू पनि हातैले लेखेर संयोजित गरी विश्लेषण गरिएका थिए । सबै उत्तरदाताहरूको नामलाई अन्तर्वार्ताका प्रतिलिपिका आधारमा कोड दिएर उनीहरूको नाम गोप्य राखिएको छ र सोही आँकडाहरूलाई विश्लेषणमा प्रयोग गरिएको छ ।

यस अनुसन्धानमा भरपूर सन्दर्भहरू र आँकडाहरू प्रस्तुत गर्न गहन अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । अन्तर्वार्ताहरू एक विषयगत पुस्तिकामा आधारित थिए जसमा प्रमुख विषयहरू र मुद्दाहरू समावेश गरिएका थिए, जसले अन्तर्वार्ताका दौरानमा सबै विषयबस्तु समेट्न सहयोग गर्दथ्यो । यी अन्तर्वार्ताहरू एक घण्टा अथवा आधा घण्टाको हाराहारीमा रहेको थियो । अन्तर्वार्ताको समयमा केही समस्याहरू उत्पन्न भएका थिए, खासगरी ८० बर्ष भन्दा माथिका उत्तरदाताहरूसँग अन्तर्वार्ता लिंदा उनीहरू बोल्न र सुन्न नसक्ने समस्याले गर्दा केही अप्ठ्याराहरू परेका थिए । फलस्वरुप, सबै अन्तर्वार्ताहिरू समान स्तरका भएनन् र सबै आवश्यक मुद्दाहरूमा प्रतिबिम्बित गर्न सकिएन । एकै समयमा तयार गरिएका गहन अन्तर्वार्ताका ढाँचाले ठूलो मात्रामा लाभग्राहीहरूको धारणा र अनुभव बुझ्न अनि मानिसहरूको राज्यप्रतिको धारणामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउन सहयेगी भूमिका खेल्दछ ।

## ५. वृद्ध मानिसहरूको लागि सामाजिक हकलाई संस्थागत गर्नु

यस खण्डमा वृद्ध मानिसहरूको लागि वैधानिक पेन्सनको हकलाई संस्थागत गर्ने सन्दर्भमा राज्यप्रतिको मानिसहरूको धारणा प्रस्तुत गरिएको छ । सर्वप्रथम यस खण्डले राज्यद्वारा प्रदान गरिएको पेन्सन बारे मानिसहरू कतिको सजक छन् भन्ने बारेमा समीक्षा गर्दछ । यस विश्लेषणात्मक रूपरेखामा पहिलो अनुमान निम्न खालको छ, जसले वृद्ध

मानिसहरूलाई आयको सहयोग प्रदान गर्न राज्यले गरेको प्रतिबद्धताले उनीहरूप्रति सकारात्मक धारणा निम्त्याएको छ भन्ने कुरामा छलफल गर्दछ। यसले राज्यको दायित्वको बारेमा मानिसहरूको धारणा र वृद्धहरूको परिवारमा जीविका चलाउने स्रोतको सहाराका रूपमा रहेको कुरामा विचार-विमर्श गर्दछ।

## ५.१ कार्यक्रमको बारेमा जानकारी

यो भत्ता राज्यद्वारा प्रदान गरिएको हो भन्ने कुरा धेरै भन्दा धेरै मानिसहरू जसले यस भत्ताको लाभ (सुविधा) उठाइरहेका छन्, उनीहरूलाई ज्ञान थियो। सबै समान उत्तरदाताहरूको विचार विभिन्न रूपमा विभाजन गरिएका निम्न उदाहरणहरूबाट हेर्न सकिन्छः: 'यो भत्ता काठमाडौँको सरकारले वितरण गर्दछ र गा.वि.स. मार्फत हामीहरूले पाउँदछौं' (शुकवीरलाल, दलित, ७४, पुरुष, लिवाङ) । 'यो राज्यले प्रदान गर्दछ' (पार्वती, ब्राह्मण, ७८, महिला, बुढाँगाँउ) । ' यो राज्यले हो, अरू को र ? राज्यनै हो' (माया, ब्राह्मण, ७५, महिला, लिवाङ) । ' सरकार नै हो जसले यो दिन्छ' (मेनुका, जनजाति, ७५, महिला, बुढागाउँ) ।

केही व्यक्तिहरू वृद्ध भत्ताको शुरुवात कसरी भएको थियो भन्ने बारेमा राम्रो ज्ञान भएका पनि थिए। लिवाङ गा.वि.स.का तीन जना उत्तरदाताले यस सम्वन्धी सम्पूर्ण वृत्तान्त यसरी बताएका थिए : प्रति महिना रु.१,००० (एक हजार रुपैंया) का दरले वृद्ध भत्ता बृद्धि गर्ने बारेमा केन्द्रीय स्तरमा वर्तमान नीति वहन गर्न एमाले नेताले गरेको तर्क-वितर्कबाट आफ्नो कथा सुरु गरेका थिए। प्रायः यी गाँउहरूमा उक्त स्थानमा बसोवास गर्ने बासिन्दाहरूमा सबैभन्दा बढी आफ्नो समुदायको बारेमा ज्ञान भएको देखियो।

उत्तरदाताहरूको राज्यलाई बुझ्ने तरिका विभिन्न खालका थिए। केही उत्तरदाताले केन्द्रीय सरकार भनेर 'काठमाडौँ सरकार' भन्दथे। स्थानीय सरकारबारे भन्नुपर्दा लाभग्राहीहरूले 'गा.वि.स.' को नाम लिन्थे। केही अन्य उत्तरदाताहरूको लागि, कम्युनिस्ट पार्टीको सहयोगले पेन्सन कार्यक्रमको शुरुवात भएको थियो, जुन कुरा राज्यले साकार पनि पार्‍यो। उदाहरणको लागि, लिवाङकी भिमा (क्षत्री, ७८, महिला) लाई यो कुरा थाहा छ, कम्युनिस्ट पार्टीले भत्ताको शुरुवात गरेको थियो, तर उनी निश्चित हुन सकेकी थिइनन् ताकि यो कुन भागमा पर्दछ 'राज्य' अथवा 'सरकार'। उनले भनिन् : 'यो भत्ता नेपाल कम्युनिस्ट पार्टीले ल्याएको हो। त्यसैले यो नेपाल सरकारको हो, होइन र ?' अर्की उत्तरदाताले भनिन् : 'तिनीहरूले यो भत्ता प्रदान गर्ने कम्युनिस्ट पार्टी हो भनेर भन्छन्। यो भत्ता हामीहरूले गा.वि.स. बाट प्राप्त गर्दछौं' (निना, दलित, ६७, महिला, बुढाँगाँउ)।

## ५.२ वृद्ध मानिसहरूका विचार

राज्यले वृद्धहरूको स्वतन्त्र आय छैन भनेर चिनेको र आफ्नो भलाइको लागि ठूलो चासो दिएकोमा लाभग्राहीहरूले आफ्नो मूल्याङ्कन यसरी व्यक्त गरेका छन्। लिवाङ्गा सरु (क्षत्री , ७५, महिला) द्वारा अन्य उत्तरदाताहरूको राय निम्न कथनसँग यसरी झल्काइएको थियो :

> *'हामी वृद्ध हौं किनभने हामी आफ्नो हेरचाह आफैं गर्न सक्दैनौं। हामी युवाहरूले जस्तो काम गर्न सक्दैनौं जस्तो तिमीहरू सबैले गर्छौं। र त्यसैले सरकारले हाम्रो बारेमा चासो दिएको हो। उनीहरू आफ्नो आमा र बुवाको रेखदेख गर्न चाहन्छन्।'*

सबैभन्दा धेरै उत्तरदाताहरूले राज्यले आफूहरूलाई पहिचान दिन र आफूहरूसम्म आइपुग्न प्रयास गरेकोमा राज्यप्रति अत्यन्तै कदर गरेको पाइयो। अर्को खण्डमा भत्ताको रकम एकदमै थोरै भएको भन्ने कुरा आएको छ जसमा धेरै उत्तरदाताहरूले उनीहरूका सबै प्राथमिक आवश्यकताहरू पूरा गर्नको लागि यो भत्ता अतिनै कम छ भनेका छन्। जे भएता पनि, राज्यले आफूलाई समर्थन गर्न गरेको प्रतिबद्धताप्रति उनीहरूले सराहना गरेका थिए। यहाँ केही लाभग्राहीहरूका दृष्टिकोणहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ :

*'सरकारले हामी वृद्धहरूको लागि ठूलो कृपा गरेको छ । रकम जति भए पनि केही मतलब छैन, हामी एकदम खुसी भएका छौं ।' (प्रमिला,ब्राह्मण, ७५, महिला, बुढागाउँ)*

*'केही मतलब छैन रकम जति भएपनि, केन्द्रीय सरकारले हाम्रो बारेमा सोच्नु, हाम्रो आवश्यकताका बारेमा विचार गर्नु र हामीहरूलाई यस्तो तरिकाबाट सम्मान गर्नुनै राम्रो कुरा हो ।' (गोपी, दलित, ७३, पुरुष, बुढागाँउ)*

*'मलाई ज्यादै खुसी लागेको छ – केन्द्रीय सरकारले हाम्रो बारेमा सोचेकोमा । उनीहरू एक मात्र हुन जसले त्यत्रो परबाट हामीहरूलाई रकम पठाइरहेका छन् । भगवानले उनीहरूको रक्षा गरुन् ।' (लक्ष्मी, जनजाति, ८०, महिला, बुढाँगाँउ)*

*'म राज्यले रकम पठाउँदछ भन्ने कुराको विश्वास गर्दछु । यदि सरकारी कर्मचारीहरूको तलब प्रत्येक बर्ष बढ्छ भने, किन वृद्ध भत्ता चाहिँ बढ्दैन ? तर म राज्यले केही पनि गरेन भन्न चाहिँ चाहन्न । यसले वृद्ध मानिसहरूलाई बिर्सेको छैन । हुन त रु ५०० (पाँच सय रुपैया) भएपनि, यसले हाम्रो विचार गरिदिएको छ ।' (सर्वेन्द्र, जनजाति, ७५, पुरूष, लिवाङ)*

*'राज्यले हाम्रो पहिचान गरेको छ र हामीहरूलाई केही थोरै भए पनि रकम दिएर सम्मान गरेको छ, यो नै मेरो लागि सन्तुष्टिको विषय हो ।' (मोतीलाल, ब्राह्मण, ७५, पुरुष, लिवाङ)*

## ५.३ परिवार सहयोगमा सन्तुलन

राज्यको भूमिकाको बारेमा चर्चा गर्दा, लाभग्राहीहरूले आफ्नो परिवारको आधारभूत जीविकोपार्जनको लागि यसले सहयोगी भूमिका खेलेको कुरा व्यक्त गर्दछन् । अधिकांश उत्तरदाताहरूले परिवारका सदस्यहरूबाट भौतिक सहयोग पाएका छन्, जसले नेपालमा जरा गाडिसकेको परम्परा झल्काउँदछ । सामान्यतया, छोराहरूलेनै स्याहारसंभार गर्छन् भन्ने अपेक्षा गरिन्छ जब उनीहरू बुढेसकालमा प्रवेश गर्दछन् । सोही समयमा, आधारभूत जीविकोपार्जनलाई धान्न परिवारका सदस्यहरूसँग भर पर्नुपर्छ जुन बखत आफ्नो नाजुकपना र चिन्ताले समाउने समय आँउछ । भिन्नभिन्न लाभग्राहीहरूले राज्यले प्रदान गरेको एउटा नियमित सहयोग र भरथेगको स्रोतले पारिवारिक सम्बन्धमा स्थिर र महत्वपूर्ण भूमिका खेलेकोमा जोड दिएका छन् । उदहरणको लागि, बुढागाउँकी दामिनी (ब्राह्मन, ७५, महिला) ले यस्तो भनेकी छन् :

*'हामीलाई सरकारले बुझ्यो । जब परिवारका सदस्यले हामीलाई अमिलो मुख लगाएर पछाडि फर्कनन्छन् तब हाम्रा लागि सरकार भगवानको रूपमा प्रकट भएको छ । म सारैनै खुसी छु जो सुकै होस (सरकार) हामीलाई यो अवसर दिएको छ ।'*

बुढागाउँका बलबहादुर (दलित, ६७, पुरुष) ले राज्यलाई आफ्नो 'अभिभावकका' रूपमा लिएका छन् :

*'राज्य हाम्रो लागि भगवान भएको छ, यस बुढेसकालमा हाम्रो अभिभावक भएको छ । कसले हाम्रो हेरविचार गर्छ ?*

लिवाङकी चम्पा (जनजाति, ७७, महिला) को यस्तो भनाइ थियो :

*'यो रकम मेरो जीवनको एउटा बाँच्ने आधार हो । परिवारलाई के हुन्छ मलाई थाहा छैन । परिवारका सदस्यले कुनैपनि बेला वृद्धहरूलाई नहेर्न सक्छन् । तर सरकारले कहिले पनि यस्तो गर्न सक्दैन । मलाई आशा छ यो रकम पनि बढ्दै जान्छ जब हामीहरु पनि झन वृद्ध हुदै जान्छौं ।'*

यस अर्थमा वृद्ध मानिसहरू असुरक्षित छन् भन्न सकिन्छ जब युवाहरु श्रम प्रवासीका रूपमा ठूला ठूला सहरहरूमा आफ्नो समुदाय भन्दा बाहिर सर्ने प्रचलन विशेष रूपमा बढेको पाइन्छ, जसले अक्सर सीमित नियमित सामग्री उनीहरूको भरथेग र हेरविचार गर्नको लागि अरूकै भरमा छोड्छन् ।

उत्तरदाताहरूले आफ्नो परिवारमा परेको बोझ कम गर्न र उनीहरूलाई सहयोग गर्नको लागि राज्यले महत्वपूर्ण भूमिका खेल्ने कुरामा भरोसा गरेको पाइयो । केही लाभग्राहीले यो कुरा पनि औंलाएको पाइयो जसमा उनीहरूका छोराछोरीहरूका आफ्नै श्रीमान् अथवा श्रीमती र छोराछोरीहरू हुनेहुदाँ उनीहरूलाई आफूपनि अभिभावकको रूपमा प्रस्तुत हुनु पर्ने हुन्छ । उदाहरणको लागि बुढागाउँका रामबाबु (क्षेत्री, ७४, पुरुष) लाई आफ्नो छोरासँग पैसा माग्न निकै अप्ठेरो लाग्छ किनकि उनलाई थाहा छ – उनको छोराले आफ्ना सन्तानहरूका लागि निकै खर्च गरिरहेको छ :

*'आजकालको जमानामा परिवारहरू हाम्रा लागि हुँदैनन् । हाम्रा छोराहरूले विवाह गर्दछन् । फलस्वरुप उनीहरूका आफ्नै सन्तानहरू हुन्छन् । उनीहरूको हेरचाह गर्नुपर्दछ । उनीहरूसँग पैसा माग्ने अतिनै अप्ठ्यारो अवस्था यो हो कि जब उनीहरूलाई आफ्नै छोराछोरीहरूलाई खुवाउने र स्कूल पठाउने आवश्यकता पर्दछ । म बरु राज्यले दिएको यही ५०० रुपैंयाले नै समस्या टार्छु जबसम्म मेरो छोराले मलाई उसको आफ्नै इच्छाले सहयोग गर्दछ । तर त्यो कुरा सम्भवनै छैन ।'*

त्यस्तैगरी, बुढागाउँकी रीमा (जनजाति, ७२, महिला) भन्छिन्, छोराछोरीहरूले उनीहरूको सबै समय र सम्पति आफ्ना आमाबुबाप्रति खर्च गर्न सक्दैनन् किनभने उनीहरूको पनि 'आफ्नो जीवन जीउनु पर्छ उनी भन्छिन् :

*'यो राज्य भनेको हाम्रो पिता र अभिभावक हो । यसविना हामीले के गर्न सक्छौं ? मैले यो कुराको महसुस गरेकी छु जब हामी वृद्ध हुन्छौं र टुहुरो हुन्छौं त्यस बखत हामीलाई हेरविचार गर्ने भनेको एक मात्र निकाय हो त्यो राज्य । हामी सधै आफ्ना छोराछोरीहरूसँग भर पर्न सक्दैनौं । त्यसकारण हाम्रो लागि राज्य छ जसले हामीहरूलाई प्रतिमहिना ५०० रुपैंया दिएको छ र सक्छ भने अझै बढी देओस् ।'*

त्यस्तैगरी, लिवाङकी मैया (क्षत्री, ७१, महिला) का अनुसारः

*'मेरा परिवारका सदस्यहरू मेरो लागि निकै असल छन् । किनभने उनीहरूले मेरो अतिनै राम्रो सँग हेरविचार गरिरहेका छन् तर अरू म जस्ता वृद्धहरु जसको परिवार छैनन् त्यस्ता वृद्धहरूलाई कसले हेरविचार गर्छ ? हामीलाई राज्यको आवश्यकता पर्दछ ।'*

जब वृद्धहरू आफ्नो जीवन धान्नको लागि आफैले आयआर्जन गर्न शारीरिक रूपमा अशक्त हुन्छन् तब यस अवस्थामा उक्त जिम्मेवारी बहन गर्ने दायित्व राज्यकोनै हो भनेर केही उत्तरदाताहरू विश्वास गर्दछन् । यतिकैमा, राज्यले उनीहरूप्रति सहयोगी भूमिका निर्वाह गरेकोमा उनीहरूले राज्यप्रति आभार प्रकट गरेका पनि थिए । लिवाङकी माया (ब्राह्मण, ७५, महिला) का अनुसार :

*'हो हामीलाई राज्यले सहयोग स्वरुप पेन्सन प्रदान गरेको छ । अन्यथा हामीलाई कसले पैसा दिन्थ्यो ? हामी कहाँ जाने ? हामीले के गर्ने ? वास्तबमै यो राज्यले हामीप्रति आफ्नो जिम्मेवारी बहन गरिरहेको छ ।'*

लिवाङकै अर्की उत्तरदाता माया (क्षत्री, ७१, महिला) का अनुसारः

*'केन्द्रीय सरकारले प्रतिबद्धता जनाएको छ र जनाउन पनि पर्छ । किनभने ठूलाहरूले सानाहरूको हेरविचार गर्नु पर्दछ ।'*

उत्तरदाताहरूको एक कठोर अनुभूति अनुसार राज्यले यस्ता वृद्धहरू जसका आफ्नै परिवार छैनन् र उनीहरू आफ्नो जीविकोपार्जनको लागि आफ्ना परिवारसँग भर गर्न सक्दैनन्, उनीहरूको लागि भरपुर सहयोग गर्नु पर्छ । उदाहरणको लागि, बुढागाउँकी इन्दु (जनजाति, ७३, महिला) भन्छिन् :

*मेरो विचारमा परिवारको दायित्व भनेको वृद्धहरूको हेरविचार गर्नु हो । हामी आफ्ना छोराछोरी सानो हुदाँ आफैले हुर्काउँछौं र उनीहरू ठूलो भएपछि हामीलाई हेर्ने पालो उनीहरूकै हो । तर यस्ता मानिसहरू पनि छन् जसका कोही पनि छैनन् । उनीहरूलाई देख्दा मुटु चिरिएर आँउछ । मेरा चार भाइ छोराहरू छन् र उनीहरू*

*मसँगै बस्छन्, मलाई अति माया गर्छन् र मेरो हेरविचार पनि उनीहरूलेनै गर्छन् । त्यस्ता मानिसहरू जसका कोही पनि छैनन्, उनीहरूको सहयोगको लागि मात्र सरकार छ ।'*

## ६. मानिसहरूको राम्रो भलाइको लागि

विश्लेषणात्मक रुपरेखा अनुसार, सामाजिक पेन्सनको प्रभावले बुढेसकालको गरिबी र वृद्ध मानिसहरूको राम्रो भलाइ हुने हुदाँ यसले मानिसहरूको राज्यप्रतिको दृष्टिकोणमा प्रभाव पार्न सक्दछ । यस खण्डले उत्तरदाताहरूको पेन्सनको उपयोगिता अन्तर्गत खाद्यान्न, स्वास्थ्यको हेरचाह र शिक्षामा गरिने खर्चको बारेमा चर्चा गर्नुको साथसाथै उनीहरूको राज्यप्रतिको धारणालाई पनि बुझ्ने काम गरेको छ ।

### ६.१ खाद्यान्नको आवश्यकता

एसएलआरसी अन्तर्गत गरिएको सन् २०१२ को पहिलो लङ्गिच्युडनल सर्वेक्षणले नेपालमा वृद्ध भत्ताको लाभ (सुविधा) ले कमै सहयोग हुनेहरूलाई सीमित रूपमै भए पनि आयमा भरथेग गरेको देखिएको छ (उप्रेती र सहयोगीहरू, २०१४) । यस सर्वेक्षण अन्तर्गत रोल्पा, बर्दिया र इलाम जिल्लामा गरेर जम्मा ३ हजार १ सय ७५ घरधुरीहरूमा सर्वेक्षण गरिएको थियो । यसले अघिल्लो वर्षमा नमुना घरधुरीहरूमध्ये १२.५ प्रतिशतले वृद्ध भत्ताको लाभ उठाइरहेका कुरा देखाउँदछ । जब हामीले यस भत्ताको उपयोगिताका बारेमा लाभग्राहीहरूलाई प्रश्न गरेका थियौं तब अधिक उत्तरदाताहरू ३९८ (५५.४%) ले यसले 'केही' सहयोग गरेको छ भनेका थिए भने ३७.७% ले 'परिवर्तनको लागि यो रकम निकै नै कम छ' भनेको पाइयो र ०.५% ले मात्र यस रकमले निकै सहयोग गरेको छ भन्ने कुरा बताएका थिए ।

यस अनुसन्धामा प्रयोग भएको गुणात्मक विधिले हामीलाई लाभग्राहीहरूले यस भत्ताको कसरी उपयोग गरिरहेका छन् र यसलाई कसरी सीमित गरिरहेका छन् भन्ने बारेमा एक राम्रो ज्ञान दिएको छ । यसले मानिसहरूले आफ्नो भत्ताको रकम कसरी खर्च गरिरहेका छन् र उनीहरूको जीविकोपार्जनका लागि चाहिने बस्तुहरूमा कसरी सहयोग गरिरहेको छ भन्ने कुराहरूको सम्बोधन गर्दछ ।

उत्तरदाताहरूले यस भत्ताले उनीहरूका आधारभूत आवश्यकताहरूमा महत्वपूर्ण योगदान दिइरहेको छ भन्ने कुरा बताएका थिए । अघिल्ला अध्ययनहरूको प्रमाणको आधारमा वृद्ध भत्ताले वृद्ध मानिसहरू र उनीहरूका परिवारको लागि आधारभूत आवश्यकता पूर्ति गर्न सकारात्मक सहयोग प्रदान गर्दछ भन्ने कुरा प्रष्ट पार्दछ (हेल्प इन्टरनेशनल, २००९ ; उप्रेती, २०१०) । धेरै लाभग्राहीहरू यस भत्ताको रकम आवश्यक खानेकुराहरू जस्तै, चामल, पिठो, तरकारी, दूध, बिस्कुट, तेल, नुन र तमाखु किन्नमा खर्च गर्दछन् । केही वृद्धहरू लत्ता कपडा र स्वास्थ्य उपचारमा खर्च गर्दछन् । दलित र गैर दलितहरूबीचमा यस भत्ताको रकम उपयोगिताका बारेका कुनै ठूलो भिन्नता भने भेटिएन ।

भत्ता उनीहरूले आफूमात्रैले उपयोग गरेको भने पाइएन । आफूले पाएको भत्ता उनीहरूले आफ्ना परिवारमा बाँडेको उदाहरण पनि प्रशस्तै भेटियो । आफ्ना घरपरिवारको साथमा आफ्नो आय र स्रोतहरू बाँढ्नु नेपाली संस्कृतिको एउटा अभिन्न पक्ष हो । यसलाई एक महत्वपूर्ण सामाजिक कर्तव्यको रूपमा हेरिएको छ । उत्तरदाताहरूले आफ्नो भत्ताको रकम आफ्नै घरमा खाद्यन्नसँग सस्बन्धित खर्चहरू र कुनै बखत आफ्ना नाति नातिनाहरूको पढाइको लागि पनि खर्च गर्ने गरेको पाइयो । यस भत्ताबाट आएको रकम वृद्धहरूले आफ्नो स्वेच्छाले आफ्नै परिवारलाई आयस्वरुप योगदानका रूपमा दिएको कुरा यस अध्ययनको माध्यमबाट पत्ता लागेको छ ।

जब भत्ता उपयोगी छ भन्दै लाभग्राहीहरू र उनीहरूका परिवारले यसलाई स्वागत गरेपनि यसले उनीहरूका आधारभूत आवश्यकताहरू पूरा गर्न भने सक्दैन । मासिक ५०० (५ अमेरिकी डलर) रुपैंयाका दरले पाइने सुविधा भनेको मासिक व्यक्तिगत निर्वाहको लागि अति न्यूनतम रकम हो । नेपालको राष्ट्रिय गरिबीरेखा अनुसार सन् २०१०/२०१२ मा प्रतिव्यक्ति प्रतिवर्ष १९ हजार २ सय ६१ रुपैंया (२०० अमेरिकी डलर) अथवा प्रतिव्यक्ति प्रतिमहिना १ हजार ६ सय ५

रुपैंया (१७ अमेरिकी डलर) थियो । उत्तरदाताहरूसँग यस पेन्सनको उपयोगिताका बारेमा कुरा गर्दा उनीहरूको भनाइ तल उल्लेख गरिए अनुसार पाइयो । यहाँ केही उदाहरणहरू प्रस्तुत गरिएका छन् :

बुढागाउँकी जुनकुमारी (क्षत्री, ७०, महिला) का अनुसार :

*'म यो रकम प्राय खाने कुरा, जस्तै नुन तेल किन्छु, कहिलेकाहीँ चामल र कहिलेकाहीँ तरकारीहरू किन्छु । त्यती मात्र हो । अझै धेरै किन्न चाहन्छु । यतिले पुग्दैन ।'*

त्यसैगरी, लिवाङका लिलामणि (जनजाति, ७२, पुरुष) का अनुसार :

*'म यो भत्ताको पैसा चिया, बिस्कुट र दूधमा खर्च गर्छु । यो एकदमै थोरै पैसा हो, यसले अरू के नै किन्न पुग्छ र ?'*

*उत्तरदाताहरूले सरकारले वितरण गरिरहेको थोरै भत्ताले सामान्य खालको आवश्यकता पूर्ति गर्न पनि नसकिने बताए । साधारण भन्दा साधारण खालको आवश्यकता पूर्ति हुन सक्ने खालको भत्ता राज्यले प्रदान गनुपर्ने भन्दै उनीहरूले राज्यप्रति दुख व्यक्त गरिरहेका थिए । बुढागाउँका लाभग्राही बलबहादुर (दलित, ६७, पुरुष) भन्छन्:*

*'म कसरी भन्न सक्छु र यो पैसा धेरै छ कि थोरै छ भन्ने कुरा ? राज्यले धन्न यो भत्ता दिइरहेको छ । तर यो मेरो लागि नपुग्ने खालको छ र यो रकम बढोस् भन्ने मेरो इच्छा छ ।'*

धेरै लाभग्राहीहरू यस भत्ता रकमप्रति खुसी थिएनन् । राज्यले उनीहरूका आवश्यकताप्रति त्यति ध्यान दिइरहेको छैन भन्ने भनाइ उनीहरूको थियो । उनीहरू यस भत्तालाई आफ्नो आवश्यकता र इच्छा अनुसार खर्च गर्न नसक्ने कुरामा विवश थिए । यसले लाभग्राहीहरूको एउटा सानो खालको खर्च मात्र ओगटेको छ जब कि अन्य आवश्यकताहरू कहिल्यै पनि पूरा हुन सक्दैनन् । एक जना लाभग्राहीले राज्यका अधिकारीहरू सर्व साधारण जनताका बारेमा भन्दा पनि आफ्नै हितको बारेमा धेरै सोच्दछन् भन्ने कुराको आरोपसमेत लगाएका थिए । उनको भनाइ छ :

*'यस्ता सरकारी अधिकारीहरू पनि छन् जो १-२ घण्टा गोष्ठीमा सहभागी भएर ५००-१,००० (पाँचसय-हजार) रुपैंयाँ भन्दा पनि धेरै टिएडिए (यातायात भत्ता र दैनिक भत्ता) खान्छन् । किन उनीहरू यस्ता लोभी भएका होलान् वृद्धहरूलाई सुविधा दिनको लागि ।'*

राज्यले पेन्सन रकम उठाउनु पर्ने कुरामा सबै लाभग्राहीहरूले आफ्नो धारणा व्यक्त गरेका छन् । सन् २०१२ मा प्रतिमहिना ७ सय ५० रुपैंयाँका दरले रकम उठाउने भन्ने कुरा संचार माध्यममा उठेकोमा केही आशावादी पनि देखिएका थिए (द काठमाण्डौ पोष्ट, २०१२) । केही उत्तरदाताहरूले यस कुराको सम्झना पनि गरे कि एकपटक राज्यले मासिक १००-५०० रुपैंयाका दरले रकम उठाएको थियो । यस्तो भविष्यमा पनि होस् भन्ने चाहना उनीहरूले राखेको पाइयो ।

प्रायजसो सबै लाभग्राहीहरू जो आफ्ना परिवारसँग बस्दछन् उनीहरूलाई अझै पनि अन्य सामग्री सहयोगको लागि परिवारसँगनै भरपर्नु पर्छ जबकि उनीहरूको पेन्सनले आफूलाई आवश्यक पर्ने सामान्य चिजबीज पनि किन्न सम्भव हुँदैन । यस वृद्ध भत्ताले वृद्ध मानिसहरूको परिवारमा वित्तीय दायित्वमा कति हदसम्म असर पारेको छ भन्ने कुरा पत्ता लगाउन निकै अप्ठ्यारो छ । यो पेन्सन वृद्धहरूको लागि अतिरिक्त आयको रूपमा प्रस्तुत हुने हुँदा यसले केही हदसम्म वृद्धहरूको वित्तीय स्तरमा सुधार ल्याउँछ, तर यो रकम वृद्धहरूको परिवारको राहतको लागि वित्तीय रूपमा पर्याप्त भने छैन । केही उत्तरदाताहरूले यस भत्ताको रकमले उनीहरूको परिवारले आफूप्रति गर्ने मासिक खर्चसम्म पनि नधानेको कुरा व्यक्त गरेका थिए । उदाहरणको लागि बुढागाउँकी मेनुका (जनजाति, ७५, महिला) का अनुसार :

*'मेरो छोरा मेरो जीवन हो । उसले मप्रतिका सबै जिम्मेवारी निभाएको छ । पेन्सन भनेको त के हो र उसले मप्रति गरेको खर्च र मलाई गरेको हेरविचारको अगाडि । तर यो उसको कर्तव्य पनि हो । म विरामी छु र मैले पाएको पैसाले त केही गर्न पनि पुग्दैन । उसैलेनै मेरो लागि सबथोक गरेको छ ।'*

लिवाङकी सरू (क्षत्री, ७५, महिला) का अनुसार :

*'मेरो लागि मेरा परिवारले ठूलो भूमिका खेलेका छन् । मेरी छोरीविनाको जीवन त म कल्पनासम्म पनि गर्न सक्दिन । यदि हामीले पाउने पैसा हेर्ने हो भने, यो दुई दिनलाई पनि पुग्दैन । अरू सबै आवश्यकताहरू परिवारलेनै पूरा गर्छन्......। कोही यस्ता बुढाबुढी पनि छन् जसका आफ्ना कोही छोराछोरी छैनन् । हो, उनीहरूको लागि त यो पैसाले केही पनि सहयोग गर्दैन । उनीहरूले यो पैसा निकै विचार गरेर खर्च गर्नु पर्ने हुन्छ ।'*

उत्तरदाताहरू प्रायः सबै जनाले आफ्नो परिवारविना त यस पैसाले केही पनि गर्न पुग्दैन भन्ने कुरा गरेको पाइयो । जो आफ्ना परिवारको सहयोग पाइरहेका छैनन् उनीहरूको लागि राज्यले उक्त रकम बढाउनु पर्छ भन्ने कुरामा आशावादी थिए । उदाहरणको लागि लिवाङकी माया (ब्राह्मण, ७५, महिला) का अनुसार :

*'धेरै दुःख गर्नेको लागि यो पैसा निकै थोरै छ – बुढाबुढीहरू जसको कोही पनि परिवार छैनन् । मेरा त मलाई स्याहारसुसार गर्ने आफ्नै छोराछोरीहरू छन् । तर मैले यस्ता पनि बुढाबुढीहरू देखेकी छु जसका कोही पनि छैनन् र यस्ता मानिसहरूको सहयोगको लागि राज्यनै चाहिन्छ । मात्र पाँचसय रुपैंया त आजकलको जवानामा केही पनि होइन । के यतिले तपाइँलाई पुग्छ त ? तपाइँ काठमाण्डौदेखि आउनु भयो । तपाइँले कति पैसा खर्च गर्नु भएको छ ?'*

यस्तैगरी, लिवाङकी सिरपा (ब्राह्मण, ७६, महिला) ले यस भत्ताको पैसा चिया र खाजाको लागि काफी छ तर परिवारको सहयोगको लागि भने एकदमै थोरै छ भन्नुभएको थियोः

*'जम्मा ५०० (पाँचसय) रुपैयाँ भनेको त हिजोआजको समयमा एक दिनलाई पनि नपुग्ने पैसा हो । तर यस्ता मानिसहरू जसका आफ्ना कोही परिवार छैनन् उनीहरूको लागि भने यो पैसा धेरै हो । मेरो विचारमा उनीहरूले अझै बढी पैसा पाउनु पर्छ । जुन मानिसहरूका आफूलाई स्याहारसुसरा गर्ने आफ्ना परिवारहरू छैनन्, उनीहरूको यो अवस्था देख्दा निकै दुःख लाग्छ । मेरो परिवार छ र मलाई उनीहरूलेनै सबथोक पुऱ्याइदिएका छन् । म त यो भत्ताको पैसा आफ्नै मात्र चिया खाजामा खर्च गर्छु ।'*

## ६.२ स्वास्थ्यमा उपयोगिता

नेपालमा प्रार्थमिक स्वास्थ्य सेवा निःशुल्क छ जबकि अधिकांश मानिसहरूका लागि भने उपचारको लागि चिकित्सा शुल्क र औषधिको पैसा तिनुपर्ने बाध्यता छ । मानिसहरू अक्सर निजी स्वास्थ्य संस्था महँगो हुनुको बावजुद पनि प्रायः सार्वजनिक स्वास्थ्य चौकीमा जचाउनुको साटो निजी स्वास्थ्य सुविधानै लिने गर्दछन् (झा र लक्ष्मीनारायण, २००९) । किनभने सार्वजनिक स्वास्थ्य सेवाले दिने सुविधा भनेको निकै निम्न स्तरको हुन्छ । चिकित्सक र औषधि वितरण कर्ताहरूको उपलब्धता भने एकदमै सीमित मात्रामा मात्र हुन्छ । उदाहरणको लागि, बुढागाउँकी मेनुका (जनजाति ७५, महिला) लाई दम छ र उहाँ हरेक महिनाको दुई पटक निजी स्वास्थ्य क्लिनिकमा गएर स्वास प्रस्वास सम्बन्धी औषधि किन्नु हुन्छ जुन सार्वजनिक स्वास्थ्य सुविधा अन्तर्गत उपलब्ध हुँदैन ।

धेरै जसो उत्तरदाताहरूलाई उनीहरूले पाउने स्वास्थ्य सम्बन्धी के के सुबिधाहरू प्राप्त हुने हुन् भन्ने कुराको ज्ञान छैन । जेष्ठ नागरिक उपचार निर्देशिका, २०६१ अनुसार वृद्ध मानिसहरूलाई विभिन्न रोगहरूको लागि स्वास्थ्य सेवाहरू प्रदान गरिएको छ । यस निर्देशिका अनुसार नेपालका ७५ जिल्लाकै वृद्धहरूलाई समेटिएको छ जसमा उनीहरूलाई एक पटकमा २,००० (दुई हजार) रुपैंयाँ सम्मको उपचार निःशुल्क गरिएको छ (जेरियाट्रिक सेन्टर नेपाल, २०१०) , तर वृद्धहरूले प्रष्ट र प्रभावकारी जानकारीको अभावको कारणले यस अधिकारको फाइदा भने उठाउन सकेनन् ।

केही लाभग्राहीहरूले आफ्नो भत्ता आफ्नै स्वास्थ्य सेवामा खर्च गरेको पाइयो । ६ जना उत्तरदाताहरू (जसमध्ये ५ जना महिला छन्) ले आफूहरूले आफ्नो भत्ता रकम आफ्नै दीर्घकालीन रोगहरू (दम र बाथ) का लागि खर्च गर्ने कुरा बताएका थिए । उनीहरूमध्ये एक जना हरिमाया (दलित, ७५, महिला, बुढागाउँ) ले भन्नुभयोः 'म निजी स्वास्थ्य क्लिनिकमा डाक्टरलाई बाथ रोगको उपचार गर्न जाँदा प्रत्येक पटक अन्दाजी ३०० (तीनसय) रुपैंया खर्च हुन्छ । औषधिहरू महँगा छन् ।' आफ्नो उपचार गर्नको लागि उनीहरूलाई भत्ताको रकमले बाँधिदिएको छ । डाक्टरले महिनै पिच्छे उपचारको लागि बोलाउँदाबोलाउँदै पनि उनीहरू त्यस उपचारको लागि कहिल्यै पनि भनेको समयमा जान सक्दैनन् ।

मुख्यतया, यस अध्ययनमा धेरै जसो वृद्ध महिला तथा पुरुषहरूले आफूहरूको उपचारको लागि निकै खर्च लाग्ने गरेको छ, तर सरकारले दिएको वृद्ध भत्ताले त उपचारमा एक छेउ पनि पुग्दैन भन्ने प्रसंग कोट्याएका थिए । उनीहरूलाई आफ्ना परिवारसँग आफ्नो उपचार सहयोगको लागि निर्भर रहनु परेको छ । उदाहरणको लागि, सिद्धिमान (ब्राह्मण, ७९,पुरुष, बुढागाउँ) का अनुसार यदि उनीसँग आफ्नो परिवार नहुने हो भने उनको उपचार सम्भवनै हुने थिएन । उनको भनाइ अनुसार : ' म विरामी परेको बेलामा मेरा छोराछोरी मेरो हेरविचारका लागि नहुने हो भने जाबो यति थोरै पेन्सनको पैसाले मात्र के गर्न सकिन्छ र ? यसले मात्र कसरी पुऱ्याउन सकिन्छ ?' कुनै पनि उत्तरदाताले आफ्नो भत्ता परिवारका अन्य सदस्यको स्वास्थ्य उपचारमा खर्च गरेको पाइएन ।

धेरै लाभग्राहीहरू सरकारले दिएको भत्ता बापतको रकम उनीहरूको स्वास्थ्य उपचारका लागि निकै थोरै भएको र उक्त रकमप्रति उनीहरू त्यति खुसी नभएको पाइयो । उनीहरूले राज्यले स्वास्थ्यमा लाग्ने खर्चको बारेमा राम्रोसँग विचार नगरेको र यो मानिसहरूको लागि निकै महँगो छ भन्ने कुरा नबुझेको भन्ने तर्क पनि राखेका थिए ।

> *'सरकारले कस्तो पाप सोचेको जाबो यति पैसाले कसरी हामीहरूको उपचार गर्न पुग्छ । कसरी ५०० (पाँचसय) रुपैयाँले पुऱ्याउन सकिन्छ ?'*

यसैगरी, ७० वर्षकी एकजना क्षत्री महिला, लिवाङकी मायाका अनुसारः 'यो सारै गाह्रो कुरा हो, यस भत्ताले हामीहरूलाई खानको लागि त पुग्दैन अब यही पैसाले उपचार गर्नु पर्ने भयो भने के गर्नु ? हामी त सोच्न पनि सक्दैनौं । यो हामीले गर्नै नसक्ने कुरा हो । खान पनि नपुग्ने पैसाले उपचार कसरी गर्ने भन्ने कुरामा सरकारले किन नसोचेको होला ?'

> *'कहिलेकाहीँ मलाई यो पैसाले के किन्ने र केचाहिँ नकिन्ने भन्ने कुरा थाहा हुन्छ । मेरो शरीर दिनैपिच्छे कमजोर हुँदै जाँदैछ । त्यसैले मैले औषधि किन्नु पर्छ । अब तपाइँ भन्नुस, सरकारले दिएको यति पैसाले म के मात्र किन्ने ? खाने कुरा कि औषधि ? हामीहरूले एक महिना कुर्नु पर्छ, मोटामोटी सबै पैसा पाउनको लागि । जब पैसा आँउछ तब सबै पहिलेको महिनाको ऋण तिर्दैमा सकिन्छ ।' (नीना, दलित, ६७, महिला)*

## ६.३ शिक्षामा खर्च

बुढापाकाहरू आफ्नो घरमा आफ्ना नाति नातिनाहरूसँग बसोवास गर्दछन् र उनीहरू यस भत्तालाई आफ्ना नाति नातिनाहरूको शिक्षा अन्तर्गत पर्ने सानातिना आवश्यकतामा खर्च गर्दछन् । खासमा, बुढाबुढीहरूले आफ्ना नाति नतिनाहरूको लागि कापी कलम किनिदिन्छन्, खाजाको लागि केही रकम दिन्छन् भने कहिलेकाहीँ नाति नातिनाहरूको विद्यालयमा गरिने धार्मिक कार्यक्रमहरूको लागि आफूले पनि केही योगदान दिने गरेका छन् । माया (ब्राह्मण , ७५, महिला, लिवाङ) का अनुसार :

> *'म यो भत्ता मलाई जे मा खर्च गर्न मन लाग्छ त्यसैमा गर्छु । कहिलेकाहीँ खानेकुरा किन्छु र कहिलेकाहीँ आफ्नै लागि खाजामा खर्च गर्छु । केही मेरा नाति नतिनाहरूलाई दिन्छु र उनीहरूले त्यो पैसाले वाइवाइ (एक प्रकारको चाउचउ) अथवा बिस्कुट किनेर खाजा खान्छन् ।'*

त्यस्तैगरी, मेनुका (जनजाति, ७५, महिला, बुढागाउँ) का अनुसार :

*'म मेरो यो भत्ताको पैसा मेरो परिवारलाई खाने कुरा र केही सामान किन्नको लागि सहयोग गर्दछु, खासगरी नाति नातिनाहरूको लागि नै खर्च गर्छु ।'*

यस अनुसन्धानले यो कुरा पनि प्रष्ट पारेको छ कि भत्ता रकम विद्यालयको शुल्क तिर्न प्रयोग भएको छैन । वृद्धहरूले आफ्नो भत्ताको रकमबाट आफ्ना नाति नातिनाहरूको विद्यालय जानको लागि लाग्ने खर्चमा मात्रै केही योगदान पुऱ्याएको पाइयो । उनीहरूले सो रकमबाट विद्यालयको शुल्क तिरिदिएको अवस्था थिएन । साथै उनीहरूले कहिल्यै पनि निजी विद्यालयको शुल्क र सार्वजनिक विद्यालयको परीक्षा शुल्क तिरेका थिएनन् । उत्तरदाताहरूका अनुसार यति थोरै रकम, जुन रकमले खान मन लागेको खाने कुरा त खान पुग्दैन, उपचार गर्न त झनै पुग्दैन, अब नाति नतिनाहरूको विद्यालयको शुल्क तिर्न पुग्छ भनेर के आधारमा भन्ने ?

*'कसरी ५०० (पाँचसय) रुपैंयाँले बच्चाहरूको शुल्क तिर्न पुग्छ ? झन् मेरा नाति नातिनाहरू त निजी स्कुलमा पढ्छन् । यति पैसाले उनीहरूको पढाइमा के को सहयोग पुग्नु नि ।' (मीनकुमारी, ब्राह्मण, ७३, महिला, लिवाङ)*

यसैगरी, इन्दु (जनजाति, ७३, महिला, बुढागाउँ) का अनुसार :

*'तपाईं कसरी भनिराख्नु भएको छ ? कसरी पेन्सनले बच्चाहरूको शिक्षामा सहयोग गर्न सक्छ र ? यो त खाने कुरा किन्न मात्र पनि पुग्दैन ।'*

वृद्ध भत्ता रकमको भूमिकाको बारेमा कुरा गर्दा, यो नेपालमा अन्य घरपरिवारले पाउने सामाजिक सुरक्षा भत्ता जस्तै यस वृद्ध भत्ताको रकमलाई पनि महत्वका साथ विचार गर्नुपर्ने देखिन्छ । पहिले उल्लेख गरिए अनुसार, सरकारले सामाजिक सुरक्षा अन्तर्गत विभिन्न जोखिममा परेका मानिसहरूलाई सामाजिक सुरक्षा रकम प्रदान गरिरहेको छ भने केही जोखिममा परेका घरपरिवारहरूले पनि उक्त रकम सहयोग स्वरुप नगदकै रूपमा भुक्तानी पाइरहेका छन् । जब उक्त भत्ता नगदको रूपमा प्रदान गरिन्छ तब उनीहरूले आफ्नो घर खर्चको सम्पूर्ण हिसाव किताब तयार गर्न सक्दछन् र उनीहरूले कुनै विशेष वस्तुको योजना पनि तयार गर्न सक्दछन् ।

वास्तबमा, सम्पूर्ण दलित लाभग्राहीहरूका छोराछोरी लगायत सप्पूर्ण दलित विद्यार्थीहरूको लागि सरकारले दलित छात्रवृत्ति कोटाको व्यवस्था गरेको छ । सरकारले दिएको दलित छात्रवृत्ति कोटाले गर्दा शिक्षामा लाग्ने सम्पूर्ण खर्चहरूको बचत भएको छ । लिवाङका श्याम (दलित, ७७, पुरुष) का भनाइमा :

*'म मेरो पैसा मेरा नाति-नातिनाहरूलाई कापी कलम किन्नको लागि दिन्छु , तर उनीहरूले स्कुल पढ्नको लागि छात्रवृत्ति पाएका छन् ।'*

बुढागाउँकी रीमा (जनजाति, ७२, महिला) का अनुसार :

*'यो त मात्र खाना र खाजाको लागि पुग्छ । मेरा नाति-नातिनाहरूले पढ्नको लागि छात्रवृत्ति पाएका छन् र उनीहरूको पढाइमा खर्च गर्न जरुरी नै छैन ।'*

त्यसैगरी, निना (दलित, ६७, महिला, बुढागाउँ) का अनुसार :

*'हामीहरूले हाम्रा नानीहरूको लागि पढाइको शुल्क तिर्नु पर्दैन । उनीहरूले छात्रवृत्ति पाएका छन् ।'*

## ७. परिवारको सम्बन्ध र सशक्तीकरण

विश्लेषणात्मक रूपरेखाको परिकल्पना अनुसार, बुढेसकालमा पाउने वृद्ध भत्ताले उनीहरूमा सशक्तता प्रदान गर्दछ । उनीहरूका लागि यो एक आफ्नो छुट्टै खालको आय हो र परिवारको भलाइको लागि पनि यसले केही योगदान गर्न सक्ने अवस्था छ । उक्त कुराले उनीहरूमा सशक्तीकरण पैदा हुन्छ । यो भत्ताले मानिसहरूको परिवारमा पारस्परिक

सम्बन्ध स्थापना गर्नको लागि मद्दत गर्दछ । लाभग्राहीहरूले आफूले पाइरहेको भत्ता रकममा आफ्नो परिवारसँग साझेदारी गर्ने कि नगर्ने भन्ने कुराको निर्णयले अन्य परिवारका सदस्यहरूसँगको सम्बन्धमा पनि प्रभाव पर्न सक्छ ।

लाभग्राहीहरूको यस लाभ (भत्ता सुविधा रकम) रकमले गर्दा उनीहरूको व्यक्तिगत सशक्तीकरण र पारिवारिक सम्बन्धमा राम्रो असर पारेको छ भन्ने जानकारी प्रदान गरेको छ । तर यो एक आवश्यक क्षेत्र हो र यसलाई भविष्यमा अझै अन्वेषण गर्न जरुरी छ । एथ्नोग्राफिक अनुसन्धानले एक घण्टामा गरिने गहन साक्षात्कार भन्दा फरक खालको संलग्नता र भरोसा–निर्माण गर्नको लागि अनुमति दिन सक्छ । त्यसैकारणले अनुसन्धानकर्ताहरू पेन्सनको पारस्परिक प्रभाव सशक्तीकरण र पारिवारिक गतिशीलताले कसरी राज्यप्रतिको धारणा बनेको छ भन्ने कुराको निचोड निकाल्न सक्षम भएका छन् ।

केही पेन्सनवालाहरूको लागि, आफ्नो परिवारमा आफूले छुट्टै योगदान दिन पाएकोमा उपलब्धिका दृष्टिले व्यक्तिगत भावनामा वृद्धि हुन्छ । पार्वती (ब्राह्मण , ७८, महिला, बुढागाउँ) को भनाइ अनुसार उनका छोराले आफ्नो पेन्सनको रकम परिवारमा खर्च गर्नु पर्दैन भन्छन् । तर आमा भएको नाताले आफ्नो परिवारमा केही योगदान पुऱ्याउन पाउँदा निकै खुसी लाग्दो रहेछ भन्ने भनाइ छोराको रहेको कुरा उनीबाट आएको थियो । अर्कोतर्फ, माया (ब्राह्मण, ७५, महिला, लिवाङ) ले केही रकम परिवारलाई सहयोग गर्न पाँउदा आफूलाई आनन्द लाग्ने कुरा बताएकी थिइन् । उक्त कुरा उनले आफ्नै शब्दमा यसरी व्यक्त गरेकी थिइन् :

> *'मेरो परिवारले सधैंनै मेरो लागि राम्रो गरेका छन् । मेरा छोराछोरीहरूले मेरो राम्रोसँग रेखदेख गरेका छन् । मैले पाएको थोरै पैसाबाट पनि मैले परिवारमा केही सहयोग गर्न सकिरहेको छु र यो कुरामा मलाई ज्यादै खुसी लाग्छ । उनीहरु मलाई यो पैसा बचत गर भन्छन् तर मरेर लानु के छ र भनिदिन्छु । बरु मलाई इच्छा लाग्यो भने चामल र तरकारी किनिदिन्छु ।'*

अर्की उत्तरदाता, लक्ष्मी (जनजाति, ८०, महिला, बुढागाउँ) ले राज्यले प्रदान गरेको योगदानले गर्दा नै केही भए पनि आफ्नो आय परिवारमा बाँड्न पाएकोमा यस्तो प्रतिकृया व्यक्त गरेको पाइयो :

> *'म प्रायः यो पैसालाई खाने कुरामा खर्च गर्छु । म मेरो छोरालाई चामल र तरकारी किनेर ल्याइदेऊ भन्छु अनि बुहारीलाई पकाउन लगाउँछु । उनले सधैं हाम्रो घरका सबै परिवारको लागि भात पकाँउछिन् । हामी जम्मा ५ जनाको परिवार छौं । सरकारले दिएको यो सहयोगले मलाई सारै खुसी बनाएको छ ।'*

रत्ना (क्षत्री, ७०, महिला, लिवाङ) ले पारिवारिक सम्बन्धमा सकारात्मक प्रभाव पारेको कुरा यसरी व्यक्त गरेकी थिइन् :

> *'म यो भन्दा पहिले परिवारसँग त्यति नजिक थिइनँ । म त एउटा कुनामा बसेर भगवानको लागि बत्ती काड्थैं । मेरा छोरा बुहारीहरू अतिनै व्यस्त रहने मान्छे हुन् । उनीहरूले मैले भत्ता खाएपछि पनि काम गरिरहेका छन्, मैले मेरा नाति नातिनाहरूलाई खुसी पारेको छुँ, जसले गर्दा मेरा छोरा बुहारी मसँग खुसी भएका छन् । यो राज्यले मेरो पुरै परिवारलाई खुसी बनाइदिएको छ । अरू त म के नै माग्न सक्छु र मर्ने बेलामा ?'*

एउटा विवरणमा भत्ताले पारिवारिक सम्बन्धलाई नै खलल पुऱ्याएको पनि भेटिएको थियो । बुढागाउँकी ७० वर्षकी एक जना दलित महिलाले अनुसन्धानकर्ताहरूलाई भत्ताको रकम उनको परिवारमा आफूले सोचेको कुरामा खर्च गर्न नदिने हुनाले सधैं परिवारमा झगडा पर्छ र परिवारमा जहिले पनि तनाबको स्थिति सृजना हुन्छ भनेकी थिइन । उनले पाएको भत्ताले गर्दा परिवारका सदस्यहरूले उनलाई कहिल्यै पनि सहयोग गरेनन् भन्ने कुरा उनले व्यक्त गरेकी थिइन् । यस अवस्थाको वर्णन गरिरहँदा उनले राज्यको सन्दर्भ कतै पनि उल्लेख गरिनन् । उनले भनेका कुरा यस्ता छन् :

> *'यी मैले भनेका कुरा मेरा छोरा बुहारीको कानसंम्म नपुगोस् । यो सबै उनीहरूको कुरा काटेको जस्तो लाग्न सक्छ । मैले मेरो भत्ता उनीहरूलाई नदिएको भनेर मलाई उनीहरूले भिन्नै राखिदिएका छन् । मेरी बुहारीले सधैँ*

*यसकै बारेमा सोधिरहन्थी । मैले जहिले पनि उनीहरूलाई यो राज्यले मलाई दिएको पैसा हो, त्यसैले म यसलाई आफैँ राख्छु भन्थेँ र चाहिएको बेलामा घर खर्च गर्छु पनि भन्ने गर्थे । त्यसपछाडि हाम्रो सम्बन्ध बिग्रिएको हो । बुहारीले मलाई एकदम नराम्रो व्यवहार गर्न थाली । कहिलेकाहीँ त त्यसले मलाई राम्रोसँग खान पनि दिन्न थी । छोराचाहिँ सधैंभरि चुप लागेर ढाँट्थ्यो । मैले पनि अब म छुट्टै बस्छु भनेर विचार गरेँ । मेरो हालत सबै छिमेकीहरूलाई थाहा थियो र उनीहरूले मलाई अहिले राम्रो व्यबहार गर्छन् ।'*

## ८. सामाजिक समावेशीकरण र सामुदायिक सम्बन्ध

यस अनुसन्धानको अर्को मान्यता अनुसार, भत्ताको रकमले दलितहरूबीच उनीहरूलाई सहयोग र आफ्नो ऐतिहासिक बहिष्करणको स्थितिबाट सामाजिक पहिचानमा ल्याउने राज्यको प्रयासप्रति सकारात्मक सोच उत्पन्न गर्न सहयोग गर्दछ । एकातर्फ दलितहरूले ६० बर्षकै उमेरबाट भत्ता प्राप्त गर्न सक्दछन् भने अर्कोतर्फ गैर दलितहरूले उक्त भत्ता प्राप्त गर्न ७० वर्षको उमेरसम्म कुर्नु पर्ने हुन्छ । यस भत्ताको लागि योग्यताको उमेर कम गरिएको हुदाँ, सरकारद्वारा यस्तो समूहलाई थप सहायता प्रदान गर्नु पर्छ जुन समूह ऐतिहासिक र सामाजिक बहिष्कारमा परेको छ र जुन समूहको औसत आयु अन्य समूहको भन्दा कम छ ।

अर्कोतर्फ, यस उपायको कारणले गर्दा दलित र गैर दलितहरूबीचको सम्बन्धलाई पनि जोखिममा पारेको छ । हाम्रो यस अध्ययनमा परेका अन्य गैर दलित समुदायभित्र पर्ने ब्राह्मण, क्षत्री र जनजातिहरूलाई यस कुराको प्रभावले गर्दा उनीहरूबीच नकारात्मक मनोभावना पैदा हुन सक्छ । सामाजिक सम्बन्धमा प्रभाव पार्न सक्ने यस्ता कुराहरूले मानिसहरूको राज्यप्रतिको धारणामा असर पार्न सक्छन् ।

यस अनुसन्धान अनुसार, दलितहरूलाई चाँडो वितरण गर्ने भत्ताको कारणले समाजमा दलित र गैर दलितहरूबीचमा फितलो सम्बन्ध स्थापना गर्न सक्छ । धेरै लाभग्राहीहरू राज्यको नीति अनुसार दलितहरूलाई अगावै वितरण गर्ने यस्तो भत्तासँग बेखुसी रहेको पाइयो । निम्न भनाइहरूले अध्ययन क्षेत्रका अन्य उत्तरदाताहरूको भनाइ पनि समावेश गर्दछ :

*'यदि मैले यो उमेरको बारेमा उजुरी गरेँ भने, मलाई लाग्छ मैले पाइरहेको भत्ता पनि गुम्छ । के कुराले गर्दाचाहिँ हामीहरूले ७० वर्षको उमेरदेखि मात्र भत्ता पाएका छौं । हिजोआज मानिसहरू त्यति उमेरसम्म पनि नबाँच्न सक्छन् । जब मेरो दलित छिमेकीले ६० वर्षकै उमेरदेखि भत्ता खाएको छ, तर मैले चाहिँ किन नपाएको होला ? मलाई पनि उनीहरूको जस्तै खाने लाउने कुराको खाँचो छ । म पनि उनीहरू जस्तै बुढो भइरहेको छु । म कहिल्यै पनि उनीहरूलाई दलित भनेर हेप्दिन । हामी सबै मानव हौं र सबैलाई उही सहयोग चाहिन्छ । सरकारले यो कुरा बुझ्नै पर्छ ।' (सिद्धिमान, ब्राह्मण, ७९, पुरुष, बुढागाउँ)*

*'तपाइँलाई थाहा छ अरू जातीय समूहले किन हामी भन्दा पनि पहिले पेन्सन (भत्ता) थाप्छन् भनेर ? मैले त आफ्नो ऋण तिर्न बल्ल अहिलेबाट शुरु गरेको छु । यदि मैले पनि मेरो पेन्सन (भत्ता) दलितहरू जस्तै ६० वर्षबाट पाएको भए, मलाइ समैँभरि यो ऋण तिर्ने पिरको भारीले सताउँदैन थियो होला । सरकारले यो कुरा बुझेकोनै छैन, छ र ?' (कमल, क्षत्री, ७६, पुरुष, बुढागाउँ)*

सरकारको दृष्टिकोणको हिसाबले हेर्ने हो भने सामाजिक असमानताका बारेमा मानिसहरूको दृष्टिकोणमा त्यति ध्यान पुऱ्याइएको पाइँदैन । दलितलाई अतिरिक्त सहायता प्रदान गर्न सरकारले देशको सामाजिक असमानताको आधारमा मानव विकास संकेतलाई आधार मानेर गरेको छ । एकातर्फ, मानिसहरूको सामाजिक असमानताको बारेमा ज्ञान र अर्कोतर्फ, उनीहरूका आफ्ना साथीसंगी सँगको सम्बन्ध बसोवास, संवाद र तत्कालको अनुभवमा आधारित छ । उत्तरदाताहरूले आफ्ना दलित छिमेकीहरूलाई कहिल्यै पनि अन्य छिमेकी भन्दा नराम्रो रूपमा नहेरेको कारणले गर्दा उनीहरूले ठूलो समर्थन र सहयोग पाइरहेका छन् । धेरै गैर दलितहरूको अनुभव अनुसार उनीहरूलाई बाँच्नको लागि

निकै संघर्ष गर्नुपर्ने र आफूहरू पनि दलित जस्तै असुरक्षित र कमजोर भएको अनि दलितहरूको भन्दा पनि निकै नाजुक अवस्था रहेको स्थिति छ ।

यसबाहेक, उत्तरदाताहरू सरकारले दलितहरूलाई प्रदान गर्ने प्रारम्भिक भत्ता सम्बन्धमा सचेत थिएनन् । यर्थाथमा, उनीहरूलाई दलितहरूले अरूभन्दा कम उमेरमानै भत्ता पाउँछन् किनभने उनीहरूको जीवन चक्र अन्य सामाजिक समूहको भन्दा कम छ भन्ने कुराको ज्ञान थिएन । सरकारले यस कार्यक्रमका लाभग्राहीहरूलाई ध्यानमा राखेर यो कार्यक्रम सुचारु गर्नु पूर्व आफ्ना विचारहरूको बारेमा राम्रोसँग छलफल गरेको थिएन । त्यसैकारणले गर्दा मानिसहरू सरकारले किन दलितहरूलाई मात्र यो सुविधाको लागि छान्यो भन्ने कुरामा अझै अनभिज्ञ छन् ।

मनिसहरूमा सामाजिक न्यायप्रति धनी र गरिब समुदायका सदस्यहरू बीचको सामाजिक भेदभावको रूपमा हेर्ने दृष्टिकोणलाई जरैदेखि उखेलेर फ्याँक्न जरुरी छ । उनीहरूले दलितहरूलाई मात्र सरकारले अतिरिक्त सहयोग प्रदान गरेकोमा असन्तुष्टि व्यक्त गरेका छन्, उनीहरू आफ्नो समुदायमा अरूभन्दा गरिब छैनन् । उनीहरूमा सरकारले गरेको यस सहयोगमा आफ्नो जीविकोपार्जनको लागि त्यति संघर्ष गर्नु नपर्ने र अरूलाई भन्दा उनीहरूलाई निकै सहयोग पुगेको छ भन्ने भाव झल्केको थियो । रामबाबु (क्षत्री, ७४, पुरुष, बुढागाउँ) का अनुसार :

> *'हिजोआज सरकारले दलित समुदायको लागि मात्र विचार गरेको छ जस्तो लाग्छ । मेरो एक जना बाहुन छिमेकी छन् उनी एकदमै गरिब छन् । त्यसैले गर्दा उनले आफ्ना बच्चाहरूलाई स्कूल पठाउन सकेका छैनन् । उनले आफ्नो ठिटो छोरालाई दाङमा काम गर्न पठाएका छन् । उनले आफ्ना छोराछोरीको लागि दलितहरूको जस्तो छात्रवृत्ति पनि पाएका छैनन् । यो त भाग्यको कुरा न हो । यो सबै सरकारको गल्ती हो ।'*

यस कुरालाई दलितहरू स्वयम्ले पनि स्वीकार गरेको पाइयो । यसै सन्दर्भमा जनक (दलित, ६८, पुरुष, लिवाङ) ले जुन वृद्धका परिवार छैनन् उनीहरूलाई राज्यले नै सहयोग गर्नुपर्छ भन्दै आफ्नो भनाइ यसरी प्रस्तुत गरे :

> *'मेरो विचारमा, कुनै मानिसको लागि उमेरको हद लगाउनु हुँदैन । पेन्सन (भत्ता) खानको लागि हामी सबै उस्तै गरेर बुढाँ हुन्छौं । के कुराले गर्दा हामीलाई चाहिँ ६० वर्षदेखिनै दिएको छ ? मलाई यस कुराको उत्तर दिन सारै गाह्रो हुन्छ यदि कसैले सोधिहाल्यो भने । हामी दलितहरूलाई निकै अप्ठ्यारो छ यस कुराले गर्दा । मलाई थाहा छ अरू मान्छेहरू पनि गरिब छन् जो दलित भित्र पर्दैनन् । मेरा साथी बाहुन, क्षत्रीहरू पनि छन् र उनीहरू एक्लै बस्छन् । उनीहरूलाई सहयोगको खाँचो छ । मसँग त मेरा साथमा श्रीमती र छोराछोरीहरू छन् । तर उनीहरूको त कोही पनि छैनन् । कहिलेकाहीँ त मलाई सरकारले यस्ता खालका मानिसहरूको खोजी गर्नु पर्ने हो जसको कोही पनि छैनन् र उनीहरूलाई धेरै सहयोग गर्नु पर्ने हो जस्तो लाग्छ । यो पैसा दिएर मात्र हैन अरू सहयोग जस्तै खान र बस्नको व्यवस्था मिलाइ दिए हुने नि जसको आफ्नो कोही पनि छैनन् हेरविचार गर्नको लागि ।'*

असमानताका कुरा गर्दा, जो दलित भन्दा पनि गरिब छन् उनीहरूलाई उक्त सुविधाबाट बन्चित गरिएको छ । उदाहरणको लागि, जनजातिको तर्फबाट सुविधा लिइरहेकी रीमा (७२, महिला, बुढागाउँ) आफू एक्लै बुढागाउँको माथिल्लो टुप्पोमा बस्छिन्, जहाँ यो सुविधा लिनको लागि धेरै गाह्रो छ । उनलाई आफू अरू दलित भन्दा पनि गरिब छु भन्ने कुरामा विश्वास छ र यो एकदमै पक्षपात भएको कुरा व्यक्त गरेकी थिइन् । उनको भनाइमा :

'किन दलितहरू चाहिँ ६० वर्ष पुगे लगत्तै खाने कुरा किन्न सक्छन् ? हामीहरूलाई चाहिँ खाने कुरा खानु पर्दैन जब हामी ६० पुग्छौं ? यो सरकारको कस्तो नियम हो ? यसको पछाडि के छ ?'

एक उदाहरणको रूपमा हेर्ने हो भने, यस भत्ताको कारणले गर्दा समाजमा जनजाति र दलित छिमेकीहरूबीच तनाब पनि सृजना भएको थियो । सुनिमा (जनजाति, ७४, महिला, बुढागाउँ) र उनका दलित छिमेकी बीच यसै सन्दर्भमा भनाभन समेत परेको थियो र अहिले उनीहरूबीच बोलचाल समेत बन्द भएको स्थिति छ । सुनिमाको भनाइ छ :

*'मैले यो कुरा अझै बुझ्न सकेको छैन, किन सरकारले दलितहरूलाई मात्र गरिब देख्यो । म ५५ वर्षको भएदेखि नै मलाई हेर्ने कोही पनि छैनन् । बुढाले छोडेर गइगए । मैले ७० वर्षको उमेर पर्खेर बस्नु परेको थियो यो भत्ता खानको लागि । तपाईँ सोच्च सक्नु हुन्छ म कसरी बाँचे होला ? मेरो ऋण छ । म मेरो खेतबारीको उब्जनी बेचेर बाँचिरहेकी छु । हिजोआज म त्यति काम गर्न सक्दिन । जब मैले यो कुरा एकजना दलित आइमाईलाई भनें तब उनले रिसाएर यो मेरो गल्ती हो र भनेर भनिन् । त्यसपछि हामीबीच बोलचालनै बन्द भयो । त्यो मेरी छिमेकी हो ।'*

दलित उत्तरदाताहरूले पनि आफूले चाँडो पाउने गरेको उक्त भत्ताले गर्दा आफ्नो समाजमा बसोवास गर्ने मानिसहरूसँगको सम्बन्धमा हलुका पन ल्याएको कुरा व्यक्त गरेका थिए । उनीहरूले आफ्नो समुदायको बारेमा कहिल्यै पनि नराम्रो नसोचेको तर जब मनिसहरूले अरू समूहका मानिसहरूले भन्दा आफूले चाँडो पाएको भत्ताको बारेमा चासो राख्दा निकै अप्ठ्यारो महसुस हुने कुरा पनि बताएका थिए ।

केही दलित उत्तरदाताहरूले नेपाली समाजमा आफूहरूको पहिचान गरेर अन्य समूहको भन्दा दलितका सुधारको लागि उमेरको सीमा परिवर्तन गरेकोमा सराहना व्यक्त गरेका थिए । नीना (दलित, ६७, महिला, बुढागाउँ) का अनुसार :

*'यो समाजले हामीहरूलाई बल्ल ठाँउ दिएको छ र यसै भत्ताले गर्दा हामीहरूलाई कसैले पनि पहिलाको जस्तो हेप्दैनन् । हामीले मर्नु भन्दा अगाडि यस्तो देख्न पाउँदा निकै खुसी लागेको छ ।'*

अर्की दलित हरिमाया (७३, महिला, बुढागाउँ) का अनुसार :

*'मैले कहिल्यै पनि सोचेको थिइन हामीहरूको पनि यस्तो दिन आँउला भनेर........।. सबै कुराको परिवर्तन भएको छ ।'*

धेरै दलित उत्तरदाताहरू, जेभए पनि, सरकारको उद्देश्य अनुरुप उनीहरूलाई समावेशीकरणमा प्रोत्साहन गर्नको लागि दिएको यस प्रारम्भिक अधिकारको आवश्यकताका सम्बन्धमा कतै पनि जोडेका थिएनन् । त्यस्तैगरी, अन्य दलित उत्तरदाताहरूलाई सरकारको यस प्रारम्भिक अधिकारको व्यवस्थाको बारेमा त्यति ज्ञान थिएन । उदाहरणको लागि, हरिमाया (दलित, ७३, महिला, बुढागाउँ) लाई किन आफूले अरूले भन्दा पहिलेनै भत्ता पाएको छु भन्ने कुरामा ज्ञान थिएन । अरू ब्राह्मणहरूले यो कुरा निकाल्दा आफूलाई निकै अप्ठ्यारो महसुस हुने कुरा बताएकी थिइन् । उनले भनेका कुराहरू उनको आफ्नै भाषामा यस्ता थिए :

*'मेरो विचारमा मानिसहरू त्यति खुसी छैनन् किनभने दलितहरूले यो भत्ता ६० वर्ष देखिनै पाउँछन् । अरू जातिका मानिसहरू उनीहरूले किन ६० वर्षको उमेर देखिनै भत्ता पाउने गरेका छैनन् भनेर कुरा गर्ने गरेका छन् । एक पटक एकजना क्षत्री महिला ˊआएर मलाई*

*यसरी भनिन् "तिमीहरूको दिन खुलेको छ । तिमीहरू यति चाँडै भत्ता खान्छौं । हामीहरूले चाँहिँ के गल्ती गरेका रैछौं ?" मैले भनें यो त सरकारले निर्णय गरेको हो, मैले हैन । मलाई त साह्रै नराम्रो लाग्यो । सरकारले किन यस्तो गरेको होला ?*

निना (दलित, ६७, महिला, लिवाङ) ले आफ्नो गैर दलित छिमेकी, जो उनी भन्दा जेठी छिन् तर उनले भत्ता नपाएकोमा आफूलाई निकै अप्ठ्यारो लाग्ने गरेको बताउँदै उनलाई सरकारले किन यस्तो अन्यायपूर्ण निर्णय गरेको होला भन्ने कुरामा अनभिज्ञता दर्साइन् । यसै सन्दर्भमा उनको विचार यस्तो पाइयो :

*'मलाई यो कुरामा नराम्रो लागेको छ, मेरी छिमेकीले दुई वर्ष अगाडिबाट मात्र भत्ता पाउन थालिन् । हामीहरूले चाहिँ पहिलेनै पायौं, यो सरकारको योजनानै यस्तै खालको छ । मलाई थाहा छैन किन यस्तो भएको हो । अरू मानिसहरूले मलाई किन दलितहरूले चाँडो पाएको भन्छन् र म यो सबै हाम्रो भाग्यको कारणले गर्दा हो भनेर*

*भनिदिन्छु । तर सत्य भन्ने हो भने उमेर भई सकेकाका लागि धनी र गरिब भनेर छुट्याउनु जरुरी छैन । सबै जनाको अनुहार ६० वर्ष लागेपछि चाउरी पर्न थाल्छ, चाहे त्यो धनी होस कि गरिब । त्यसैले के चाहिँ फरक होला त ?'*

दलित उत्तरदाताहरूले बुढेसकाल लागेपछि सबै जनाको उस्तै हालत हुन्छ भन्दै गैर दलितहरूलाई पनि सरकारले ६० वर्षकै उमेरबाट भत्ता प्रदान गर्नु पर्छ भन्ने मान्यता राखेको पाइन्छ । उदाहरणको लागि दधिराम (दलित, ७१, पुरुष, बुढागाउँ) का अनुसार :

*'मलाई थाहा छ यस्ता मानिसहरू पनि छन् जो दलित होइनन् र मेरो जस्तै उनीहरूका पनि कोही परिवार छैनन् । म एक्लै संघर्ष गरेर बाँचिरहेको छु । तर हामीहरूले त ६० वर्ष लागेपछि पाँउछौं, विचरा उनीहरूलाई ७० वर्षसम्म कुर्नु पर्छ । मलाई ननिको लाग्छ । उनीहरूलाई पनि सरकारले ७० वर्ष भन्दा अगाडि देखिनै दिए त हुन्थ्यो नि । उनीहरू सबै जना एक्लै छन् र उनीहरूको हेरविचार गर्ने कोही पनि छैनन् । मेरा एकजना छिमेकी एकदमै गरिब छन् र उनलाई हेरचाह गर्ने कोही पनि छैनन् । त्यसैले उनी सकीनसकी आफैँ काम गरिरहेका छन् ।'*

त्यस्तैगरी कृष्ण (दलित, ७२, पुरुष, लिवाङ) ले कुन कारणले गर्दा दलितहरूलाई र अन्यलाई फरक गरिएको हो आफूलाई थाहा नभए पनि त्यसो गर्नु राम्रो नभएको बताए । उनी भन्छन् :

*'मलाई वृद्धहरूको लागि भनेर दिइएको भत्ताको सबै कुरा मन पर्छ । यो सरकारले हामीप्रति लगाएको गुण हो र हामी जस्ता बुढाबुढीलाई देखाएको माया हो । तर उमेरको हिसाबले कुरा बुझ्न चाहिँ अलि गाह्रो भएको छ । मेरो एक जना छिमेकी, उनले पनि भत्ता खाइरहेका छन् र मलाई सधैं तिमीहरू त साह्रै भाग्यमानी रहेछौं, ६० वर्षकै उमेरमा भत्ता थाप्न पाएका छौं भनेर भन्छन् । मलाई नराम्रो लाग्छ । उनी एकदम विरामी छन् । उनको स्याहार गर्ने कोही पनि छैनन् । मलाई थाहानै छैन के भन्ने भनेर । मेरो विचारमा सबै बुढाबुढीलाई ६० वर्षकै उमेरदेखि नै दिनुपर्ने हो । तर उनीहरूलाई पनि आफ्नै खालको समस्या होला के गर्नु ।'*

अर्का उत्तरदाता हर्क (दलित, ७०, पुरुष, बुढागाउँ) का अनुसार राज्यले पहिले देखिनै दिइरहेको भत्ता उनीहरूको सही पहिचान नभएर बहिष्कारमा परेका पो हो कि ? उनले अझै स्पष्ट पार्दै सरकारले सबै बुढाबुढीलाई समान रूपमा यो भत्ताको वितरण हुनु पर्छ भन्ने कुरामा जोड दिएका थिए । उनी यो सुविधा पक्षपातपूर्ण रहेकाले अन्य गैर दलित समुदायका मानिसहरूबीच झैझगडा हुने हो कि भन्ने कुरामा चिन्तित भएका देखिन्थे । उनको भनाइमा :

*'म राज्यसँग निकै खुसी छु । पहिले पहिले हामी सबै कुरामा छुट्थ्यौं । हामीहरूलाई जनावरको जस्तो व्यवहार गरिन्थ्यो । कसरी हामी त्यतीकै विर्सन सक्छौं र ? अहिले यस्तो पनि जमाना आयो कि सरकारले हाम्रो लागि ठूलो सम्मान गरेको छ जुन अरूको लागि छैन । त्यसैले मलाई यसमा केही पनि भन्नु छैन । हामी पनि सम्मान गर्न योग्य रहेछौं । जे भएपनि मेरो विचारमा सबै जातिलाई उस्तै उमेरबाट भत्ता दिइनु पर्छ ताकि हामीहरू बीच फेरि भेदभाव नहोस् ।'*

## ९. वृद्ध (जेष्ठ नागरिक) भत्ताको वितरण

यस खण्डमा कसरी लाभ (भत्ता सुविधा रकम) वितरण गरिन्छ र लाभ (भत्ता) प्राप्त भएपछि लाभग्राहीहरूको राज्यप्रतिको दृष्टिकोण कस्तो रहने गरेको छ भन्ने कुराको बारेमा चर्चा गरिन्छ । यसले सुविधाको सम्बन्धमा बुढाबुढीहरूले राज्यप्रतिको धारणा कसरी प्रस्तुत गरेका थिए भन्ने देखाउँदछ, जसमा समय र दर्ताको लागि रहेको सजिलो स्थिति, लाभ (भत्ता) भुक्तानीको यथार्थता (उदाहरणको लागि, आंशिक र पूर्ण लाभ (भत्ता) को व्यवस्था) साथसाथै यसको निरन्तरता र लाभ (भत्ता) भुक्तानीको लागि रहेको सुविधाका बारेमा चर्चा गरिएको छ ।

पहिले गरिएका अनुसन्धान (श्यामसन, २०१२; एनपिसी, २०१२ क; हेल्पएज इन्टरनेशनल, २००९) ले भत्ता वितरणामा विभिन्न खालका अप्ठ्याराहरू पत्ता लगाएका छन्, मरिसकेका मानिसहरूका नामहरू पनि समावेश भएका थिए, भत्ता वितरण गर्ने निश्चित समयमा भत्ता वितरण गरिएका थिएनन्, भत्ता प्राप्त गर्नुपर्ने घर छुटेका थिए, र भत्ता वितरणको बारेमा पर्याप्त जानकारी प्रदान गरिएको थिएन । केही लाभग्राहीहरूले आफ्नो भत्ता लिन जानको लागि बाटो खर्च चाहिने हुनाले उनीहरूले उक्त भत्ता लिन जान सकिरहेका रहेनछन् भन्ने गुनासो पनि आएको थियो (केसी, २०१२) । यस्ता खालका मुद्दाहरू अनुगमन र मूल्यांकन गर्ने उचित व्यवस्था नहुदाँ र गा.वि.स. सचिवहरूको सीमित क्षमता तथा उनीहरूलाई कामको धेरै बोझ हुनुका साथै विभिन्न कामको जिम्मेवारीले गर्दा यस्ता समस्याको समाधान हुन सकेको छैन (अधिकारी, २०१४) ।

## ९.१ दर्ता गर्ने प्रक्रिया

यो भत्ता प्राप्त गर्नको लागि, जब मनिसहरू यो लाभ (भत्ता रकम) लिनको लागि योग्य हुन्छन् तब उनीहरूले गा.वि.स. कार्यालयमा गएर आफ्नो उमेर उल्लेख गर्दै नाम दर्ता गर्नुपर्छ । हामीले अध्ययन गरेको क्षेत्र अनुसार प्रत्येक ६–६ महिनामा उमेर पुगेका गाउँलेहरूलाई तोकेको अवधिमा आफ्नो नाम दर्ता प्रक्रियकाको लागि गा.वि.स. कार्यालयमा आउनको लागि आह्वान गरिन्छ र उक्त प्रकिया अनुसार वृद्धहरूको नाम दर्ता गरिन्छ ।

केही अपवाद बाहेक प्राय : उत्तरदाहरूले आफ्नो उमेरको हद पुगेपछि दर्ता गरेलगत्तै आफूले पाउनु पर्ने लाभ (सुविधा) तुरुन्त प्राप्त गर्ने गरेको कुरा बताए । लिवाङमा बस्ने साहिली (जनजाति, ७८, महिला) लाई आफूले प्राप्त गर्ने भत्ताको लागि पूरै ५ वर्ष ढिलो भइसकेको रहेछ । भत्ता कति वर्षको उमेर देखि पाइन्छ भन्ने कुराको जानकारी उनलाई रहेनछ । जब उनलाई उनका चिरपरिचित साथीहरूले उनको भत्ता पाउने उमेरको हिसाबले ५ वर्ष ढिलो भइसकोको कुरा भने त्यसपछि मात्र उनलाई त्यो कुरा थाहा भयो । प्रमिलाको लागि यस भत्ता प्रक्रियाको लागि मात्र ६ महिना भन्दा बढी लागेको थियो । त्यस्तैगरी रत्नाको लागि सोही प्रकियाको लागि एक एक वर्ष भन्दा पनि बढी लागेको थियो । प्रमिलालाई यो प्रक्रियाको लागि किन यस्तो ढिलो भएको हो भन्ने कुराको केही पनि ज्ञान थिएन । रत्नाको सन्दर्भमा भन्ने हो भने उनको दर्ता प्रक्रिया छुटेको हुनाले अर्को छ महिना कुर्न बाध्य हुनु परेको कारणले गर्दा त्यसको हानिस्वरुप अर्को एक वर्षसम्म कुर्नु परेको थियो ।

धेरै बुढाबुढीहरूको लागि वृद्ध अवस्थामा आफ्नो घरबाट गा.वि.स. कार्यालय आउन निकै कठिन भएको र उक्त कार्यको लागि आफ्नो परिवारको सहयोगमा निर्भर हुनु पर्ने हुनाले पनि उनीहरूले यस कार्यलाई निकै कठिनाइका रूपमा हेरेको पाइयो । लिवाङकी एउटी क्षत्री महिला, भिमाका अनुसार, उनका छोरा बुहारीहरू उनलाई लिएर गा.वि.स. कार्यालय जान कहिल्यै पनि नभ्याउने हुनाले आफ्नो नाम गा.वि.स.मा दर्ता गराउनको लगि उनले छिमेकीको सहायता लिनु परेको थियो । उनी भन्छिन् :

> *'मलाई वृद्ध भत्ताको बारेमा थाहा थियो । मैले मेरो छोरालाई यो कुरा भनेकी थिएँ । ऊ सधैं आफ्नै कामले गर्दा व्यस्त हुन्छ । त्यसपछि मैले मेरी बुहारीलाई पनि यो कुरा बताएको थिएँ । उनीहरूले सधैंभरि भोलि भोलि भन्दा भन्दै समय बितिसकेको थियो । एकपटक मैले यो कुरा मेरा एकजना नजिकका छिमेकीलाई भनेको थिएँ । उनैले मलाई गा.वि.स. भवनसम्म लगेर सब काम सक्काइदिएका थिए । भगवानले उनको रक्षा गरून् ।'*

उत्तरदाताहरू नाम दर्ता प्रकियासँग सन्तुष्ट देखिन्थे । वास्तबमा दर्ता प्रक्रिया साह्रै सजिलो खालको छ । यसमा कुनै झन्झट छैन । यदि लाभग्राही आफैं गा.वि.स. कार्यालयमा उपस्थित हुने हो भने भत्ता प्राप्त गर्नको लागि दर्ता प्रक्रियामा केही पनि झन्झट हुँदैन । भत्ता प्राप्त गर्नको लागि योग्य वृद्धहरूले आफ्नो नागरिकता बमोजिमको उमेर खुल्ने परिचयपत्र देखाउनु पर्दछ । धेरै उत्तरदाताहरूका अनुसार भत्ताको लागि फारम भर्न र वृद्ध भत्ता परिचयपत्र बनाउनको लागि केही पनि झन्झट हुँदैन । उनीहरूले आफ्नो नागरिकताको प्रतिलिपि गा.वि.स. कार्यालयमा बुझाएपछि गा.वि.स.

कार्यालयले औँठाछाप लाउन लगाउँछ। त्यतिमात्र गरे पुग्छ। कुनै पनि जातजाति, धर्म, सस्कृतिका आधारमा गा.वि.स. कार्यालयले उक्त कार्यको लागि कसैलाई पनि भेदभाव नगरी समान व्यबहार गर्दछ।

गा.वि.स.का कर्मचारीहरू र वृद्धहरूका परिवारका सदस्यहरूबाट कागजी प्रक्रियाको लागि सहयोग गर्दछन्। पहिलो पटक आफ्नो विवरण दर्ता गर्नका लागि गएको बेलादेखिनै गा.वि.स. का कर्मचारीहरूले वृद्धहरूप्रति सम्मानजनक व्यवहार गर्नुका साथै आवश्यक सहयोग गर्ने गरेका छन्। यहाँ केही यस्तै उदाहरणहरू पनि छन् जब वृद्धहरूले आफू विवरण पेश गर्नको लागि गा.वि.स. भवन जाँदाको अवस्थाका बारेमा बताएका छन् :

> *'गा.वि.स.का कर्मचारीहरू निकैनै सहयोगी छन्। उनीहरूलेनै मलाई सबै प्रक्रियाको बारेमा बताइदिए। उनीहरूले मलाई अतिनै मान गरे र अहिलेसम्म पनि 'आमा' भनेर बोलाउँछन्।' (निना, दलित, ६७, लिवाङ)*
>
> *'गा.वि.स. कार्यलय र बैंकका कर्मचारीहरू सबै अति राम्रा मान्छे रहेछन्। उनीहरूले हामीलाई धेरै माया र सम्मान गरे। किन उनीहरूले यति धेरै गरेका होलान् ? विचाराहरू..... ।' (माया, क्षत्री , ७१, महिला)*
>
> *'गा.वि.स. सचिव अति राम्रो मान्छे रहेछन्। हामीसँग धेरै राम्रो व्यवहार गरे। उनको ब्यहोरा निकै राम्रो रहेछ। उनी निकै सहयोगी थिए। सबै जना कर्मचारीहरू निकै सहयोगी रहेछन्। (रामबाबु, क्षत्री, ७४, पुरुष, बुढागाउँ)*
>
> *'मलाई यो प्रक्रिया त्यति गाह्रो नभएकोले गर्दा साह्रै खुसी लागेको छ। मलाई ५०० (पाँचसय) रुपैयाँ मात्र पाउने भएर दुःख लागेको छ। मलाई आशा छ राज्यले यो पैसा बढाँउछ र बढाउनै पर्छ।' (रीता, क्षत्री, ७२, महिला, लिवाङ)*

बलबहादुर (दलित, ६७, पुरुष, बुढागाउँ) ले आफ्नो नागरिकता च्यातिएको कारणले गर्दा पढ्न नसक्ने अवस्थाको रहेको बताए। गा.वि.स.का कर्मचारीहरूले नयाँ नागरिकता बनाउन सहयोग गरेको भएर मात्र उनलाई वृद्ध भत्ताको कागज बनाउने प्रक्रियामा सहयोग भएको कुरा पनि उनले व्यक्त गरेका थिए।

## ९.२ लाभ (भत्ता सुविधा रकम) भुक्तानीको यथार्थता र निरन्तरता

कमजोर प्रशासनिक क्षमताले गर्दा सरकार प्रत्येक महिना भत्ता वितरण गर्न असक्षम भएको छ। विशेषगरी, दुर्गम बस्तीमा यो भत्ता सामान्यतया वर्षमा दुई किस्ता गरेर वितरण गरिन्छ। हाम्रो अध्ययनको क्रममा गा.वि.स. सचिवहरूले यसरी एकमुष्ट रूपमा रकम दिइँदा वृद्धहरूको समयको बचत हुनुका साथै भत्ता लिन आँउदा प्रत्येक महिना धाउनु पर्ने समस्या पनि नरहने बताएका थिए। वृद्धहरूकै हितको लागि प्रत्येक ६-६ महिनामा वितरण गरिएको कुरा पनि गा.वि.स. सचिवहरूले बताएका थिए।

सबै उत्तरदाताहरू आफूले प्रत्येक महिना पाउनुपर्ने ५०० (पाँचसय) रुपैयाँको बारेमा जानकार थिए भने यसै अनुरुप रकम पनि प्राप्त गरिरहेका थिए। लाभग्राहीहरूले एक वर्षको पहिलो चौमासिकमा २,००० (दुई हजार) रुपैयाँका दरले र बाँकी आठ महिनाको ४,००० (चार हजार) रुपैयाँको दरले अन्तिम किस्ताको रूपमा प्राप्त गरिरहेका छन्। उत्तरदाताहरू भुक्तानी मितिका बारेमा निकै चलाख थिए। उनीहरूका अनुसार भुक्तानी मिति बारे गा.वि.स बाटनै थाहा हुन्छ। बुढागाउँ र लिवाङका मानिसहरू प्राय : भत्ता वितरणको सही मिति र पहिलेको मितिमा केही परिवर्तन भएको छ कि छैन भन्ने कुरा पत्ता लगाउनको लागि गा.वि.स. भवन गएर बुझ्दछन्। कहिलेकाहीँ केन्द्रीय सरकारले रकम निकासा गर्न ढिलो गरेको खण्डमा र कलिलेकाहीँ उक्त कार्य सुचारु गर्नको लागि केही अवरोधहरू खडा भएको बखतमा भत्ता वितरण गर्ने मिति ढिलो हुन सक्छ। लिवाङका गा.वि.स. सचिवका अनुरसार केही बुढाबुढीहरू पहिलेको मितिभन्दा अलि चाँडो भत्ता पाइन्छ कि भन्ने आशा राख्दै आफ्नो वडाबाट गा.वि.स कार्यालय धाइरहन्छन् (यदि उनीहरूले यस बारेमा सोधे भने समय भन्दा पनि पहिले भत्ता पाइन्छ कि भन्ने आशामा)। लिवाङमा, यो भत्ता बैंकको माध्यमबाट वितरण गरिने भएता पनि कोहीकोही लाभग्राहीहरू बैंकमानै गएर भत्ता सम्बन्धी सोधखोज गर्छन्।

जसले पहिले उक्त भत्ता वितरण मिति थाहा पाउँछन् तिनले नै आफ्नो गाउँघरमा सबैले बुझ्ने भाषामा खबर गरिदिन्छन् । यस्ता खबरहरू गाउँमा निकैनै चाँडो फैलिन्छन् । परिवारका सदस्यहरूले पनि यसबारेमा थाहा पाएपछि घरमा खबर गर्दछन् । जुन वृद्धहरूले भत्ता पाइरहेका छन् र आफ्नो परिवारसँग बसेका छन्, यस्ता परिवारहरूलाई कहिले भत्ता वितरण हुँदैछ भन्ने बारेमा अझै राम्ररी थाहा हुन्छ । जो एक्लै बस्छन् उनीहरूचाहिँ यो कुरा थाहा पाउन आफ्ना छरछिमेकीको भरमा रहन्छन् । गा.वि.स. सचिवका अनुसार, उनीहरूले गाउँगाउँमा भत्ता वितरणको मितिका बारेमा खबर फैलाउनको लागि गा.वि.स.का कर्मचारीहरूलाई पनि खटाउने गरेका छन् ।

गा.वि.स. ले भत्ता वितरणको मितिका बारेमा स्थानीय एफएम रेडियो मार्फत खबर सम्प्रेषण गर्ने गरेको छ । कहिलेकाहीँ गा.वि.स. कार्यालयमा केही बुढाबुढीहरूले विरलै रेडियो सुन्ने र केहीले पटक्कै कान नसुन्ने गरेको समस्या पनि आएका हुन्छन् ।

## ९.३ लाभ (भत्ता सुविधा रकम) भुक्तानीका तरिका

अध्ययन गरेका क्षेत्रहरूमा दुई प्रकारका भुक्तानी तरिकाहरू भेटिएका थिए । रोल्पा जिल्लाको सदरमुकाम लिवाङमा लाभग्राहीहरूले उक्त भत्ता रकम बैंकको माध्यमबाट प्राप्त गर्ने गर्दछन् जुन बैंक वडा नं ६ मा रहेको छ । बुढागाउँमा भने बैंक नभएको कारणले गर्दा मानिसहरू आफ्नो भत्ता लिन गा.वि.स. कार्यालयमै जान्छन् जुन वडा नं ३ मा रहेको छ । आफ्नो भत्ता लिनको लागि मानिसहरू आफ्नो वडा जुन गा.वि.स. मा पर्दछ त्यही अर्थात लिवाङ र बुढागाउँ नै जानुपर्छ र भत्ता प्राप्त गर्नको लागि लाइन बसेर आफ्नो पालो कुर्नु पर्छ ।

बैंकबाट भुक्तानी गर्ने तरिका लिवाङको लागि विल्कुलै नयाँ हो । एकपटक दर्ता भइसकेपछि मानिसहरूले गा.वि.स. सचिवसँग सम्पर्क गरिरहनु नपर्ने हुन्छ । उनीहरूले आफ्नो भत्ता प्राप्त गर्नको लागि बैकमा आफ्नै पेन्सन कार्ड (जेष्ठ नागरिक परिचयपत्र) देखाउनु पर्दछ । बैकमा नयाँ खाता खोल्नको लागि लाभग्राहीहरूले १,००० (एक हजार) रुपैयाँ जम्मा गर्नु पर्छ । गरिब घरका मानिसहरूका लागि १,००० (एक हजार) रुपैया भनेको धेरै ठूलो रकम हो जसले उनीहरूको धेरै घरखर्चका सामानहरू किन्न पुग्छ । उत्तरदाताहरूले यो रकम जम्मा गर्ने सम्बन्धमा निकै समस्या जनाएका थिए । धेरै मानिसहरू बैकमा जम्मा गर्नु पर्ने यस रकमका बारेमा सोध्नका लागि आउने गरेका छन् तर उनीहरूले कुनै पनि प्रतिक्रिया पाउन सकेका छैनन् । उनीहरू सरकार (गा.वि.स. सचिवहरू) ले यस बारेमा राम्रोसँग प्रष्ट नपारेको कारणले दिक्क भएका छन् र किन यसलाई राम्रोसँग व्यख्या नगरेको होला भन्ठान्दछन् । उदाहरणको लागि, डम्बर कुमारी (जनजाति, ८१, महिला, लिवाङ) का अनुसार :

> *'म मेरो घरदेखि बैंकसम्म किन बैंकमा खाता खोल्दा हामीहरूले १,००० (एक हजार) रुपैयाँ जम्मा गर्नु पर्छ भनेर सोध्न गएकी थिएँ । उनीहरूले राम्रोसँग केही पनि बताएनन् । यो त नियमनै हो भनेर भने । सरकारले किन हामीलाई यसबारे थाहा नदिएको होला ? किन हामीले १००० (एक हजार) जम्मा गर्नु पर्ने ?*

त्यसैगरी अर्का उत्तरदाता कमल ( क्षत्री, ७६, पुरुष, बुढागाउँ) जस्तै अरू पनि आफूले जम्मा गरेको रकम हराउने पो हो कि भनेर आतिइरहेका रहेछन् :

> *'मेरो साथी (अर्का भत्ता खाने मान्छे) यो पैसा हामी मरिसकेपछि हाम्रो काजक्रियामा खर्च गर्न सकिन्छ । तर यसलाई कसले निकाली दिन्छ होला ? यो त अहिलेनै हामीलाई आवश्यक छ । बैकले त यो एउटा नियमनै हो भन्छ । सरकारले चाहिँ केही पनि भनेको छैन । सरकारले बैंकलाई यस्तो नगर्न आदेश दिनुपर्छ ।'*

उत्तरदाताहरूले आफ्नो पेन्सन (भत्ता) लिनको लागि र दर्ता प्रक्रियाका लागि अन्य वडामा जान बाध्य भएको बताएका थिए । जुन वृद्धहरू विकट स्थानमा बस्छन्, उनीहरूको लागि यो भत्ता प्राप्त गर्न तथा भत्ताको लागि नाम दर्ता गर्न अर्को वडामा जानुपर्ने अवस्थामा शारीरिक र मौद्रिक हिसाबले निकै अप्ठ्यारो हुने गरेको पाइन्छ । लिवाङको वडा

नं ४ स्थित पहाडको टुप्पोमा बस्नेहरूको लागि तल वडा नं ६ मा आउनु पर्दा धेरै हिँडेरै ओरोलो झर्नु पर्ने र ओरालो झरिसकेपछि गाडीनै रिजर्ब गर्नु पर्ने हुन्छ। बुढागाउँमा भने गा.वि.स. कार्यलय भएको भवन वडा नं ३ सम्म आइपुग्नको लागि धेरै घण्टा ओरालो उकालो हिंड्नु पर्ने हुन्छ। यसरी एकमुष्ट रूपमा दिइने भत्ताले गर्दा बुढाबुढी र उनीहरूका आफन्तहरूलाई प्रत्येक महिना आउने–जाने गर्नु भन्दा वर्षमा दुई पटक मात्र आउने–जाने गरे पुग्ने हुनाले निकै सहज भएको छ। उत्तरदाताहरूले यसबाट उनीहरूको समय बचत भएको छ, यसैका कारण शारीरिक कष्ट बेहोर्नु परेको छैन र पैसाको पनि बचत भएको छ भन्ने जानकारी दिएका थिए।

८० वर्षीय लक्ष्मी, (जनजाति) ले भत्ता थाप्नको लागि शारीरिक कष्टका साथै खर्च पनि निकै लाग्ने बताएकी थिइन्। उनका अनुसार उनले लगभग ४०० (चार सय) रुपैया खर्च गर्नु पर्छ बुढागाउँसम्म जानको लागि, जसमा खाना र यातायात खर्च पर्छ।

*'मलाई यहाँबाट तल झर्नै निकै समय हिंड्नु पर्छ। त्यो बाटो हिँड्न निकै गाह्रो हुन्छ। तल झरिसकेपछि यदि त्यहा बस चलेको रैछ भने म त्यो बसमा जान्छु। आउन जानको लागि १०० (एकसय) रुपैयाँका दरले जम्मा २०० (दुईसय) लाग्छ र दिनभरिको बाटो भएकोले बाटोमा भोक लाग्छ अनि लगभग १०० (एकसय) रुपैयाँको खानेकुरा किनेर खान्छु। खाना त खानु परिहाल्यो नि। जादाँ आँउदा निकै थाकिन्छ अनि खाना नखाई त सकिँदै सकिँदैन। म जस्तै अरू पनि धेरै जना छन् यसरी नै भत्ताको लागि जाने। हामी सबै जना एक्कै ठाउँमा जम्मा भएर जान्छौं र सबै जनाले एकअर्काको सहयोग गर्दै जान्छौं। कहिले काहीं हामीहरू सबै जनासँगै पनि खानेकुरा खान्छौं।'*

सबैजना महिला तथा पुरुष बुढाबुढीहरूको एउटै समस्या थियो। उनीहरूको स्वास्थ्य निकै नाजुक छ र उक्त भत्ता लिन जाँदा निकै थकाइ पनि लाग्ने गरेको रहेछ। कहिलेकाहीं त आफ्ना परिवारका सदस्यहरूले पनि यस कुरामा सहयोग नगर्ने रहेछन्। उदहरणको लागि, बुढागाउँका दधिराम, (दलित, ७१, पुरुष) का अनुसार :

*'गा.वि.स. कार्यालय गएर भत्ता लिन निकै गाह्रो हुन्छ। मेरो पछाडिको ढाड एकदम दुख्छ र त्यो ठाँउमा पुग्न यहाँबाट धेरै टाँढा छ। पहिले पहिले त त्यहाँ पुग्न केही गाह्रो हुँदैन थियो तर हिजो आज ढाड दुख्ने व्यथाले गर्दा निकै टाढा लाग्छ।'*

एकजना उत्तरदाता, हर्क (दलित, ७०, पुरूष, बुढागाउँ) का अनुसार :

*'यहाँबाट गा.वि.स. कार्यालय पुग्न धेरै टाढा छ र त्यहाँ पुग्न २–३ घण्टासम्म लगातार हिँड्नु पर्छ। पानी परेको बेलामा त झन बाटो खत्तम हुन्छ र हिँड्नै सकिँदैन। त्यसैले मैले जहिले पनि आफ्नी श्रीमतीलाई लिएर जाने गरेको छु।'*

राज्यले यस्तो समस्याको समाधान गर्न, धेरै लामो बाटो हिँडेर भत्ता थाप्न जानु पर्ने यर्थाथतालाई सम्बोधन नगरेका कारणले गर्दा उनीहरूले राज्यसँग यसरी गुनासो व्यक्त गरेका थिए :

'यो भत्ता रकम पाउनको लागि हामीले यात्रा गर्दा भोग्नु पर्ने यति धेरै कठिनाइहलाई रू राज्यले कहिले बुझ्ला ?'

हरिमाया, जसको परिवारमा कोही पनि सहयोगी छैनन् र यस्ता मानिसहरूका लागि यस पेन्सन (सुरक्षा भत्ता) थापेर जीविकोपार्जको लागि घर खर्च गर्नु भनेको निकै कठिन कार्य हो (कक्ष १)। यसले उक्त लाभ (भत्ता सुविधा) प्राप्त गर्नको लागि के कस्ता प्रयत्नहरू भइ रहेका छन् भन्ने बारेमा पनि चर्चा गरेको छ। हरिमायाका श्रीमान्ले दुबै आँखा देख्दैनन् र उनका छोरा बुहारीले केही पनि सहयोग गर्दैनन्। त्यसैले उनी दुबैजनाको भत्ता बुढागाउ वडा नं ३ गा.वि.स. कार्यलयमा आफू एक्लै लिन जानको लागि बाध्य छिन्। उनको दैनिकी निकै कष्टपूर्ण छ। दैनिक घरायसी कामको चटारो हुन्छ। आफ्नो श्रीमान्को हेरचाह गर्दा गर्दै दिन बित्छ। यति हुदाँहुदै पनि त्यति टाढासम्म भत्ता बुझ्न जानुपर्ने बध्यताले त झनै तनाब गराउँदो रहेछ।

**कक्ष नं १ : बुढागाउँमा भत्ता बुझ्दै**

हरिमाया, एक दलित महिला, बुढागाउँको पहाडको माथि वडा नं ९ मा बस्छिन् । उनी आफ्ना ७५ वर्षीय आँखा नदेख्ने श्रीमान्सँग बस्छिन् । केही समयदेखि उनी बाथ रोगबाट ग्रसित छिन् । हरिमायाको एउटा छोरा, एउटी बुहारी र दुईजना नाति नातिनाहरू छन् तर उनीहरूको हरिमायासँग राम्रो सम्बन्ध छैन । उनीहरू एउटै घरमा बस्छन् । भान्छा भने छुट्टाछुट्टै प्रयोग गरेका छन् । 'मेरो छोराले जब त्यो आइमाईसँग बिहे गऱ्यो तबदेखि मसँग बोलचालसम्म पनि गरेको छैन,' उनले बितेको कुरालाई नराम्रोसँग सम्झिइन् । हरिमायाले दुई वटा सुँगुर, दश वटा कुखुरा र पाँच वटा बाख्रा पालेकी रहिछन् । आफ्नो घरै नजिक उनको एउटा सानो बारी पनि रहेछ जहाँ उनी मकै र केही तरकारीहरू लगाउँदिरहिछन् । यो नै उनी र उनका श्रीमान्का लागि बाँच्नको लागि केही सहयोगका आधारहरू हुन् । उनलाई खेतबारीमा काम गर्नु जरुरी छ किनभने यसै खेतीपातीबाट नै बस्तुभाउलाई घाँस काट्छिन् भने सुँगुर, कुखुराहरूका लागि पनि यसै खेती मार्फत खानेकुरा तयार गर्छिन् ।

उनी गा.वि.स. कार्यालयमा आफ्नो र आफ्ना श्रीमान्को भत्ता लिन जानको लागि बाध्य छिन् । उनलाई यसै भत्ता बापतको रकम लिनको लागि गा.वि.स. कार्यालय पुग्न ३ घण्टा लाग्ने रहेछ भने कहिलेकाहीँ पानी परेको बेलामा त्यो भन्दा पनि निकै समय लाग्दो रहेछ । त्यसै कारणले गर्दा उनले केही दिन अगावै उक्त भत्ता लिन जाने दिनको बारेमा व्यवस्था गर्नु पर्ने हुन्छ । यदि त्यसो नगर्ने हो भने उनका श्रीमान् र घरमा पालेका जनावर भोकै पर्छन् । भत्ता रकम लिन जाने दिनमा उनी अरू बेलाको भन्दा दुई घण्टा अगाबै उठ्छिन् र हत्तार हत्तार खाना बनाँउछिन् । खाना बनाउँदा बेलुकासम्मलाई पुग्ने गरी बनाँउछिन् । आफू आउन धेरै ढिलो भयो भने आफ्ना श्रीमान् भोकै पर्छन् कि भन्ने उनलाई पिर लाग्छ । कहिलेकाहीँ उनी गा.वि.स. कार्यालय जानको लागि आधा बाटोबाट सवारी साधान पनि चढ्दी रहिछन् । उक्त साधन चढे बापत एकतर्फी बाटोको लागि मात्र ६० रुपैयाँ तिर्न पर्दोरहेछ, जुन उनका लागि निकै महँगो रकम हो । यसका साथसाथै बाटोमा खानाको लागि खाजा र भातमा पनि पैसा खर्च हुने गरेको रहेछ ।

भत्ता लिन जाने बखत आफू बिमारी पऱ्यो भने कसले उनका श्रीमान् र उनका लागि भत्ता ल्याइदेला भन्ने कुराले सधै उनलाई पिरोलिराख्दो रहेछ । यही पेन्सन (सुरक्षा भत्ता) लिन जाने बेलामा उनकी छिमेकी नराम्ररी लडेकी थिइन् र आफ्नो घुँडानै खुस्काएकी थिइन् । उनका अनुसार :

> *'उनी पनि गरिब महिला थिइन् र उनलाई लडेपछि तल ३ नं वडासम्म ल्याउन हामीलाई हम्मेहम्मे परेको थियो । हामीहरूले केही केटा मान्छेहरूलाई पैसा दिएर बोकाउन लगाएर तल झारेका थियौं । यदि तपाईँ त्यहाँ बस्नु भयो भने तपाईँलाई पनि थाहा हुन्छ कि त्यहाँ बस्न कति गाह्रो छ भन्ने कुरामा । कहिलेकाहीँ पानी परेको बेलामा त झन बाटोसम्म पनि हुँदैन । कहिलेकाहीँ मान्छेहरूलाई त्यही बाटो हिँडिरहेको बेलामा विषालु सर्पले पनि टोकेको छ । हामीले त के नै गर्न सक्छौं र ?'*

हरिमायाले गा.वि.स. सचिवलाई उनीहरूको भत्ता आफ्नै गाउँमा वितरणको व्यवस्था मिलाइ दिनको लागि पनि अनुरोध गरेकी रहिछन् :

> *'मैले गा.वि.स. सचिवलाई हाम्रो पेन्सन (सुरक्षा भत्ता) हाम्रै गाउँमा बाँडिदिनु भनेर पनि भनेको थिएँ । हामीहरूलाई यो भत्ता लिनको लागि घण्टौं उकालो ओरालो हिँड्न गाह्रो भयो भनेर भनेको थिएँ । मेरो इच्छा यो छ कि सरकारले हाम्रो यो अवस्थाको बारेमा बुझोस् । मलाई सचिवले यस्तो गर्न मिल्दैन र यो उसको हातको कुरा हैन भन्दा साह्रै चित्त दुखेको थियो ।'*
>
> *लिवाङ र बुढागाउँ दुबै ठाउँका उत्तरदाताहरूभत्ता लिन जाँदा आफूहरूको निकै पैसा खर्च हुने कुरामा सरकारले बेवास्ता गरेकोमा धेरै चिन्तित् देखिन्थे । उनीहरू सबैको सरकारप्रति एउटै आवाज थियो, यस भत्तालाई सबैको आ–आफ्नो गाउँमा बाँड्ने व्यवस्था मिलाइनु पर्ने छ ।*

*'केन्द्रीय सरकारले यस भत्ता कार्यक्रमलाई राम्रो गतिमा संचालन गर्न सकेको छैन । केही विकट ठाँउमा मानिसहरूले आफ्ना बुढा आमाबाबुहरूलाई पिठिउँमा बोकेर आधा भन्दा धेरै दिनसम्म हिँडेर भत्ताको लागि गा.वि.स.सम्म पुग्दछन् । किन ३५-४० वर्षका गा.वि.स. सचिवहरूले यस्ता हिँड्न नसक्ने बुढाबुढीको घरसम्म गएर भत्ता नबाँढेका होलान् । राज्यले यस्ता कुराहरूमा निकै विचार पुऱ्याउनु जरुरी छ ।'*

मोतीलाल (ब्राह्मण , ७५, पुरुष, लिवाङ) का अनुसार केन्द्रीय सरकारको यो भत्ता वितरणमा सानो भूमिका मात्र छ किनभने यो सबै जिम्मेवारी त स्थानीय सरकारलाई प्रदान गरिएको छ । उनको भनाइ अनुसार :

*'केन्द्रीय सरकारले यो कार्यक्रम राम्रोसँग संचालन गरिरहेको छैन । किनभने यसले त अप्रत्यक्षरूपमा मात्र आफूलाई सहभागी देखाएको छ । बाँकी सबै स्थानीय सरकारले जिम्मा लिएको छ । केन्द्रीय सरकारलाई यहाँ के भइरहेको छ भन्ने कुरा केही पनि थाहा हुँदैन । मानिसहरूले यो भत्ता पाउन कति संघर्ष गरिरहेका छन् र हिँड्दा हिँड्दा आफ्नो ढाडसम्म भाँचेका छन् । यदि रकम वडामा मात्र वितरण गरिन्छ भने त्यही कारणले यो कुरा सन्तोषजनक छैन ।'*

त्यसैगरी, बलबहादुर (दलित, पुरुष, ६७, बुढागाउँ) ले यो भत्ता वितरणमा केन्द्रीय सरकारको पनि उत्तिकै सहभागिता हुनु पर्ने र सरकारले भत्ता वितरण प्रणालीलाई केही सुधार गर्नुपर्ने बताएका थिए :

*'केन्द्रीय सरकारले पेन्सन (सुरक्षा भत्ता) कार्यक्रमलाई त्यति राम्रोसँग व्यवस्था गरेको जस्तो लाग्दैन । राज्यले सर्वप्रथम गा.वि.स. सचिवहरूको सुरक्षाको व्यवस्था गर्दै उनीहरूलाई भत्ता बापतको रकम प्रत्येक वडामा लगेर बाँडिदिनु भनेर निर्देशन दिनु पर्छ ।'*

## १० निष्कर्ष र नीति कार्यान्वयन

यस खण्डले अनुसन्धानका परिणामहरू र वृद्ध (जेष्ठ नागरिक) भत्ताको प्रभावकारिता बढाउनको लागि मनिसहरूका आवश्यकता र प्राथमिकता तथा राज्य-समाजसँग सकारात्मक सम्बन्ध कायम गर्ने नीति कार्यान्वियनको ढाँचा कोर्दछ ।

### १०.१ सामाजिक पेन्सन (सुरक्षा भत्ता) र राज्यप्रतिको दृष्टिकोण

यस अनुसन्धानले नेपालमा वृद्ध (जेष्ठ नागरिक) भत्ताको सम्बन्धमा मानिसहरूको राज्यप्रतिको धारणामा प्रभाव परेको छ कि छैन भन्ने बारेमा दृष्टिकोणहरू प्रस्तुत गरेको छ । यी दृष्टिकोणहरूमा पेन्सन (सुरक्षा भत्ता) को माध्यमबाट राज्यले कसरी मानिसहरूको उद्देश्य पूरा गरिरहेको छ भन्ने सम्बन्धमा मूल्यांकन गरेको छ । यी उद्देश्यहरूलाई नेपालमा सामाजिक सम्झौताको मुख्य आधारको प्रस्तावको रूपमा लिन सकिन्छ । उनीहरूले यसमा सरकारको वृद्ध मानिसहरूको सामाजिक सहयोगलाई संस्थागत गर्ने प्रयत्न, मानिसहरूको भलाइको लागि भएको भरथेग र सामाजिक समावेशीकरण नीतिको प्रचार गर्ने प्रतिवृद्धता देखाएका छन् । मानिसहरूका दृष्टिकोणमा कहिलेकाहीँ अन्य कारक तत्वको दायरा जस्तै, सशक्तीकरणमा पेन्सन (सुरक्षा भत्ता) को प्रभाव, परिवार र समुदायको सम्बन्धका साथै लाभ (भत्ता सुविधा) वितरण गर्ने प्रक्रिया र लाभ (भत्ता सुविधा) प्राप्त गर्दाको बखतमा मानिसहरूको अनुभव जोडिएको हुन्छ ।

यस अनुसन्धानका अनुसार, एक जना व्यक्तिको राज्यप्रतिको धारणा सकारात्मक र नकारात्मक दुवै खालका हुन सक्छन्, जुन विशिष्ट अनुभव र कार्यक्रमका प्रभावहरूसँग सम्बन्धित हुन्छन् । उदाहरणको लागि, लक्ष्मीले राज्यले वृद्ध मानिसहरूको पहिचान गरी उनीहरूको समाजप्रतिको भूमिका र जीविकोपार्जनको लागि सहयोग गरेकोमा राज्यलाई निकै कदर गर्ने गरेको कुरा बताएकी थिइन् भने सरकारले प्रदान गरेको सानो रकम लिन जानको लागि उल्टै आफ्नो धेरै रकम खर्च हुने कुरा पनि बताएकी थिइन् । त्यसैगरी, मोतीलालले पनि राज्यले आफूलाई सम्मान गरेकामा गौरवान्वित थिए भने अर्कोतर्फ यस भत्ताको रकम निकै थोरै भएको र उक्त लाभ (सुविधा) प्राप्त गर्नको लागि सीमित भागेदारी भएको कुरा व्यक्त गरेका थिए । अर्को उदाहरणमा, निनाले दलितहरूलाई अरूभन्दा चाँडो प्रदान गरिने

भत्तामा चित्त नबुझेको बताएकी थिइन् भने अर्कोतिर दर्ता प्रक्रियामा गा.वि.स. ले गरेको सहयोगको सराहना गरेकी थिइन् । यी निष्कर्षहरूले नागरिक सम्बन्धको निरपेक्ष आधारमा गरिएको चित्रणको विरुद्धमा सावधानी गराएको छ । त्यसैकारणले, विभिन्न अवधारणाहरु पत्ता लगाउन जरुरी हुन्छ, जसका कारणले प्रायः ती सहअस्तित्वमा रहिरहन सक्छन्, ती धारणाहरू एक 'स्थितिगत' प्रकृति र राज्य–समाज अन्तर्क्रियामा एक विशिष्ट पक्षसँग सम्बन्धित हुन्छन् ।

मानिसहरूको राज्यप्रतिको धारणालाई निम्न अनुसार हेर्न सकिन्छः

**१०.१.१ वृद्धहरूको लागि सामाजिक सहयोगलाई संस्थागत गर्ने प्रयास :**

उत्तरदाताहरूले राज्यले वृद्धहरूलाई नियमित आयमा भरथेग गर्ने प्रतिबद्धताका साथ आरम्भ गरेको यो कार्यक्रमप्रति सराहना व्यक्त गरेका छन् । पेन्सन (सुरक्षा भत्ता) बापत थोरै नै रकम प्राप्त गरे पनि उनीहरू यो सहयोगलाई बुझेर यसलाई मूल्यवान ठान्दछन् । धेरै लाभग्राहीहरूले जुन वृद्धहरूको आय आर्जनको कुनै सम्भावना छैन र जसको सम्पूर्ण जीवन आफ्ना परिवारको भरमा छ उनीहरूको लागि सहयोग गर्ने दायित्व राज्यको हो भनेका थिए । उनीहरूको भनाइ अनुसार राज्यले उक्त सहयोग गर्ने हो भने वृद्धहरूको जोखिम कम हुनुका साथसाथै परिवारको बोझमा पनि केही हदसम्म सहायता पुग्ने थियो । वृद्ध मानिसहरू, जो एक्लै बस्छन् र उनीहरूको रेखदेख गर्नको लागि कोही आफन्त पनि छैनन्, त्यस्ता वृद्धहरूलाई राज्यले नै जिम्मा लिनुपर्छ भन्ने धेरै उत्तरदाताहरुको मान्यता थियो ।

यी नतिजाहरूलाई नेपालमा गरिएका अन्य अनुसन्धाका निष्कर्षहरूसँग मिलाएर हेर्न सकिन्छ । उदाहरणको लागि सन् १९९४ मा नेपालको कैलालीमा गरिएको बाल अनुदान अन्तर्गतको सर्वेक्षणले बाल अनुदानले मानिसहरूको राज्यप्रतिको धारणामा सकारात्मक भावना पैदा गरेको थियो (अधिकारी र साथीहरू, २०१४) । उत्तरदाताहरूका अनुसार प्रतिमहिना प्रति बच्चालाई बाल अनुदान बापत दिइने ( दुई सय रुपैंया अर्थात दुई अमेरिकी डलर, जुन वृद्ध भत्ताको रकम भन्दा कम हो) रकम राज्यले उनीहरूलाई सहयोग गर्नको लागि गरेको प्रतिवृद्धता देखिन्छ । ९३ प्रतिशत लाभग्राहीहरूका अनुसार उक्त अनुदानको शुरुआतले गर्दा सरकारले सामाजिक आर्थिक अवस्थाको बारेमा ध्यान दिएको छ र ८५ प्रतिशत लाभग्राहीहरूले यस कार्यक्रमले गर्दा उनीहरूको सरकारलाई हेर्ने दृष्टिकोणमा विकास भएको छ भन्ने कुराको सूचना दिएको थियो ।

**१०.१.२. मानिसको भलाइको लागि सहयोग**

मानिसहरूले आफ्ना केही आवश्यकताहरू पूर्ति गर्न सकिने भएको हुनाले यस भत्तालाई सकारात्मक रूपले हेरेका छन् । वृद्धहरू पेन्सन (सुरक्षा भत्ता) को रकमले खानेकुरा, स्वस्थ्य सेवा र शिक्षासँग सम्बन्धित खर्चहरू र केही घरखर्चहरूमा भरथेग गर्दछन् । यसैबीच उत्तरदाताहरूले भत्ताको रकम साह्रैनै थोरै भएकोमा आफू त्यति खुसी नभएको बताएका थिए । यो रकमले आफ्नो इच्छा पूर्ण हुन नसकेको कुरामा सरकारप्रति उनीहरूले दुःख व्यक्त गरेका थिए । सबै उत्तरदाताहरूले भत्ता बापत पाउने रकम साह्रै थोरै भएको र उनीहरूले आफूलाई पुग्ने भत्ता प्राप्त गर्न सके आफ्नो परिवारको भर गर्नु पर्ने थिएन भन्ने कुरा बताएका थिए ।

**१०.१.३ सामाजिक समावेशी र सामुदायिक सम्बन्ध**

लाभग्राहीहरूले आफूहरूले पाइरहेको भत्तालाई सरकारको सामाजिक समावेशी उद्देश्यको रूपमा जोडेका छैनन् । वास्तबमा, धेरै उत्तरदाताहरू लक्षित दृष्टिकोणको बारेमा वास्तविक तर्कसँग अनभिज्ञ थिए । दलितहरूले अन्य समूहका मानिसहरूभन्दा पहिलेनै पेन्सन (सुरक्षा भत्ता) पाउने हुँदा दलित र गैर दलितहरूबीच मनमुटाब पैदा गर्छ । उत्तरदाताहरू सरकारले किन दलितहरूलाई अन्य समूहका मानिसहरू भन्दा छिटो भत्ता वितरण गरिरहेको छ भन्ने कुरामा अनभिज्ञ

थिए । यसले गर्दा अन्य समूहका मानिसहरूलाई बाधा हुने र यसले एक–आपसमा असमझदारीको वातावरण पैदा हुने गरेको छ । उनीहरूको आफ्नो अनुभव अनुसार यस्ता धेरै गैर दलितहरू पनि गरिबीको मारमा परेका छन् तर सरकारले दलितहरूको गरिबीको बारेमा मात्र सोचेको छ । केही उत्तरदाताहरूका अनुसार राज्यले वृद्धहरूका लागि अरू थप सहयोग गनुपर्छ । यो वृद्ध भत्ता कार्यक्रम अन्तर्गत सबै समूहका मानिसहरूलाई समानरूपले वितरण गरिनु पर्छ, कोहीलाई भने चाँडो कोहीलाई चाँहि ढिलो गर्न हुदैन ।

### १०.१.४ पारिवारिक सम्बन्ध र सशक्तीकरण

वृद्धहरूले प्राप्त गरेको भत्तालाई उनीहरूको परिवारमा आफ्नो आम्दानी स्वरूप भरथेग गर्न सकेका कारणले गर्दा वृद्धहरूको सशक्तीकरणलाई बढाउनुका साथै परिवारबीचको सम्बन्धमा पनि सुधार ल्याएको छ भन्ने कुरा यस अनुसन्धानले देखाएको छ । आफ्नो आम्दानीको सहयोग आफ्नै परिवारलाई बाँढ्न पाउँदा वृद्धहरूले राज्यलाई हेर्ने दृष्टिकोण पनि सकारात्मक देखिएको छ । कहिलेकाहीँ यसले नकारात्मक परिणाम पनि पैदा गर्न सक्छ । यस्तै कथा हरिमायाको छ जसलाई पेन्सन (सुरक्षा भत्ता) ले गर्दा आफ्नो परिवारबाट नै टाढा हुनुपरेको छ । यसले आफ्नै घर परिवारमा पनि नकारात्मक अनुभव पैदा गर्ने हुँदा राज्यप्रतिको उनीहरूको धारणा पनि बदलिन सक्छ ।

### १०.१.५ लाभ (भत्ता सुविधा) वितरण

सबै लाभग्राहीहरू दर्ता प्रक्रिया सरल भएकोमा ज्यादै खुसी थिए । जब उनीहरू यस भत्ताको लागि योग्य हुन्छन् तब उनीहरूले उक्त भत्ता कुनै झन्झट बिना प्राप्त गर्न सफल पनि भएका थिए । उनीहरू गा.वि.स. कर्मचारीहरूले दर्ता प्रक्रियामा सहयोग गरेको देख्दा उनीहरूप्रति निकै खुसी पनि देखिन्थे । उत्तरदाताहरूका अनुसार, उनीहरूले आफूले पाउनु पर्ने भत्ताको रकम सम्पूर्ण पाइरहेका छन् भने उनीहरूलाई भत्ता वितरणको मिति पनि कण्ठै हुनेगरेको छ । भत्ता वितरण विधिप्रति लाभग्राहीहरू त्यति खुसी भने थिएनन् । विशेष गरी, उनीहरूलाई उक्त लाभ (भत्ता सुविधा) संकलन गर्न लामो दूरीको यात्रा गर्नु पर्ने आवश्यकताको बारेमा केन्द्रीय सरकारले बेवास्ता गरेकोमा केन्द्रीय सरकारको आलोचना समेत गरेका थिए । लिवाङका लाभग्राहीहरूले बैंकबाट भत्ता रकम प्राप्त गर्नको लागि बैंक खाता खोले बापत आफ्नै खल्तीबाट एक हजार रुपैयाँ निक्षेपस्वरुप जम्मा गर्नु परेकोमा आफूहरूलाई दुःख लागेको कुरा बताएका थिए । धेरै लाभग्राहीहरूले उक्त निक्षेपको आवश्यकता र औचित्यबारे सरकारले राम्रोसँग नबुझाएकोमा सरकारप्रति निराशा पनि व्यक्त गरेका थिए ।

## १०.२ नीति कार्यान्वयन

यस अनुसन्धानले उक्त लाभग्राहीहरूको अनुभव, चिन्ता र प्राथमिकतामा मूल्यवान अन्तर्दृष्टि प्रदान गर्दछ र वृद्ध (जेष्ठ नागरिक) भत्ता कार्यक्रममा सुधारका लागि कोरिएका खेस्रा (पाठ) लाई सबल बनाइदिन्छन् । यस कार्यक्रमको डिजाइन र कार्यान्वयनको समायोजनले गर्दा मानिसहरूलाई सामाजिक सुरक्षा भत्ताले उनीहरूको जीवन र जीविकोपार्जनको लागि ठूलो भरथेग बढाउन मद्दत गरेको छ । यसको परिणामस्वरुप मानिसहरूको राज्यप्रति सकारात्मक धारणाका साथै राज्यको बैधतामा योगदान पुग्न सक्दछ ।

यस नीति अन्तर्गत सामाजिक सुरक्षा भत्ताको वृद्धि, योग्यताको सीमामा समानता, गा.वि.स. हरूमा लाभ (भत्ता सुविधा) पुऱ्याउने क्षमतामा सुधार, लाभ (भत्ता सुविधा) प्राप्त गर्नको लागि सुविधाजनक र खर्च नहुने खालको पहुँच सुविधा, प्रभावकारी जानकारी–सहयोगका साथै पहुँचको प्रवृद्धन र समावेशी सेवा वितरणको लागि क्षेत्रीय सुधारका विषयहरू समावेश भएका छन् ।

### १०.२.१ लाभको मूल्य (भत्ता सुविधाको महत्व)

पेन्सन (सुरक्षा भत्ता) को लाभ (सुविधा) ले मानिसहरूको जीविकोपार्जनमा केही सुधार भएको कुरा त प्रष्ट देखिन्छ तर यसले उनीहरूका सम्पूर्ण आधारभूत आवश्यकताहरूलाई भने सम्बोधन गर्न सकेको छैन । प्राय : सबै लाभग्राहीहरू आफ्ना परिवारका भरमा बाँचेका छन् । यस भत्ताको रकम वृद्धि हुने हो भने वृद्ध मानिसहरूको र उनीहरूको परिवारको लागि निकै राम्रो सहयोगको आधार हुने थियो । जुन वृद्धहरू एक्लै बस्छन् र उनीहरूलाई हेरचाह गर्ने आफ्नो परिवारका सदस्य छैनन् भने यस्ता वृद्धहरूको लागि उक्त भत्ता रकमको वृद्धि भने अपरिहार्य छ ।

सरकारले वृद्ध भत्ता कार्यक्रमलाई सुदृढ बनाउनको लागि एउटा 'प्रगतिशील' दृष्टिकोण अपनाउन सक्दछ (हजेमेजर र स्चमित, २०१२) । विशेष गरी, विद्यमान बजेटका अवरोधहरूलाई मध्यनजर राख्ने हो भने यसले आर्थिक वृद्धिमा अनुमति दिए जस्तै लाभ (सुविधा) को मूल्य (रकम) मा वृद्धि हुन सक्दछ । श्यमसन (२०१२) का अनुसार सीमित सार्वजनिक वित्तको आधारमा एक विश्वव्यापी सामाजिक पेन्सन (सुरक्षा भत्ता) कार्यक्रम स्थापना गर्नको लागि सरकारले न त बारम्बार लाभ (सुविधा) मूल्य (रकम) वृद्धिमा रोकावट नै गरेको थियो । यो कार्यक्रमको प्रभावकारितामा सुधार गर्नको लागि सार्वजनिक कोषको स्थापना गर्ने बारेमा नेपाल सरकारले स्पष्ट प्रतिबद्धताको संकेत गरेको छ ।

स्थान विशेषका आधारमा मूल्य (रकम) वृद्धि हुन सक्छ भन्ने खालका केही भनाइहरू पनि आएका छन् । उदाहरणको लागि, संचार माध्यमहरूले सरकारले भत्ता रकमलाई प्रति महिना ५०० रुपैयाँबाट बढाएर ७ सय ५० रुपैयाँ बनाउने योजना बनाइ रहेको छ भनेर भनिरहेका छन् (काडमाण्डौं पोष्ट, २०१२) । जनावरी २०१४ मा काठमाण्डौं पोष्ट पत्रिकामा एउटा यस्तो लेख आएको थियो जसमा काडमाण्डौं महानगरपालिले त्यहाँको लागि वृद्ध भत्ता अन्तर्गत वार्षिक बजेटमा ६० लाख ५० हजार रुपैयाँ छुट्याएको र ८८ वर्षका नागरिकहरू अथवा काठमाण्डौंका सन् २०१४ भन्दा पुराना वासीहरूको लागि प्रतिमहिना १० हजारका रुपैयाँका दरले वितरण गर्ने योजना बनाइरहेको छ (खरेल, २०१४) । काठमाडौं महानगरपालिकामा यस लाभ (सुविधा) शीर्षक अन्तर्गत अन्दाजी १ हजार २ सय मानिसहरू योग्य रहेका अनुमान गरिएको छ ।

### १०.२.२ लक्षित दृष्टिकोण

यस अनुसन्धानले उक्त कार्यक्रमको लक्ष्य दलितहरूका लागि उत्तम उपचार मानिए पनि सामाजिक विभाजन र असमानतालाई उक्साउन सक्छ भन्ने कुरा देखाउँदछ । कम योग्यताको सीमा अन्तर्गत दलितहरूको जीवनलाई सरकाले पहिचान गरेको छ र सामाजिक सहयोगमा समावेशीकरणको परिचय दिएको छ । जब कम जीवनकाल भएका व्यक्तिहरूले आफनो भत्ता कम उमेरबाट प्राप्त गरिरहेका छन् जुन न्यायोचित छ र लाभग्राहीहरूले यस बारेमा सबै कुरा बुझिरहेका छन् भन्ने जस्तो चाँहि देखिँदैन । प्रायः धेरै वृद्धहरूले उनीहरूको जीवन निर्वाहको लागि निकै संघर्ष गर्नु परिरहेको छ । राज्यले अरू गरिब मानिसहरूभन्दा १० वर्ष पहिलेनै दलितहरूलाई किन यो भत्ता वितरण गरेर सहयोग गरिरहेको छ भन्ने कुरा दलितहरू स्वयम्ले थाहा पाएका थिएनन् ।

सामाजिक तनावका सम्भावित कुरामा विचार गर्दा, सबै सामाजिक समूहहरूलाई समान रूपले वितरण गरियो भने ज्यादै समझदारीपूर्ण हुने थियो । फेरि एकपटक यसलाई समझदारीका साथ अरू समूहहरूमा पनि उनीहरूको उमेर हदलाई विस्तारै ६० वर्षमा झार्न सकिन्छ । सरकारले अरू समूहका मानिसहरूलाई अधिकतम उमेर ७० बाट ६५ गर्ने भनेर योजना बनाइरहेको छ (काठमाण्डौं पोष्ट, २०१२) । यसैबीच, सरकारले सबै जनसंख्या समूहहरूको आधारमा प्रारम्भिक पेन्सन (सुरक्षा भत्ता) को लागि दलित र गैर दलितहरू सबैका लागि पर्याप्त जानकारी प्रदान गर्नु जरुरी देखिन्छ ।

### १०.२.३ भत्ता वितरण

लाभग्राहीहरूले आफ्नो लाभ (सुविधा) लिनको लागि शारीरिक र आर्थिक कष्ट भोग्नु परेको हुनाले उनीहरूको सजिलोको लागि लाभ (सुविधा) प्रक्रियामानै परिवर्तन गर्नु जरुरी छ। वास्तबमा यस भत्ताको रकमलाई लाभग्राहीहरूका घरसम्मनै पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने हो। यस कार्यले गा.वि.स. का केही सीमित प्रशासनिक कार्यहरूलाई भने असहज बनाउन सक्छ। यसरी वितरण गरिने भत्ता वास्तवमै खर्चिलो हुन आउँछ भने तत्काललाई यो खर्च लाभग्राहीहरूमा नै सरेको र उनीहरूलेनै व्यहोर्नु परेको अवस्था छ। ती जो खर्च व्यहोर्नु पर्ने अवस्थामा छन् ती आफैँ आम्दानीमा कमजोर देखिन्छन्। त्यसैले केन्द्रीय सरकारलेनै गा.वि.स. हरूको भत्ता वितरण गर्ने क्षमतामा वृद्धि गर्नु जरुरी छ।

कुनै ठाउँमा बैंकबाट भत्ता वितरण गरिन्छ र यस्ता ठाउँहरूमा बैंक र गा.वि.स. हरूबीच राम्रो समन्वयको आवश्यकता छ। वास्तवमा, गा.वि.स. हरूले लाभग्राहीहरूलाई बैंक खाता खोल्नको लागि पहिलेनै जम्मा गर्नुपर्ने रकमको बारेमा स्पष्टसँग उनीहरूलाई बुझाउनु पर्ने देखिएको छ। सरकारले बैंकसँग राम्रोसँग समन्वय गरेर सबै लाभग्राहीहरूको भत्ता रकम सार्वजनिक रूपमा प्रदान गर्नु पर्ने जरुरी छ र यसो गर्नाले उनीहरूले नयाँ खाता खोल्दा जम्मा गर्नुपर्ने भनिएको रकम आपसी समन्वयमा जम्मा नगरे पनि हुने व्यवस्था गर्नु पर्ने हुन्छ। सरकारले अग्रिम रकम जम्मा नगरीकनै लाभग्राहीहरूको रकम सोझै वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ।

### १०.२.५ जानकारी बढाउनु

यस अनुसन्धानले स्थानीय क्षेत्रमा यसको राम्रो पहुँचको लागि आवश्यक कुराहरू र तिनको जानकारीका बारेमा सूचना प्रदान गर्दछ। माथि उल्लेख गरेअनुसार, दलितहरूका लागि यो भत्ता प्राप्त गर्ने योग्यताका बारेका जानकारी दिनु पर्दछ। यसले दर्ताको लागि चाहिने विद्यमान आवश्यकताहरूका बारेमा र लाभ (सुविधा) एवम् त्यसको वितरण प्रक्रियाका बारेमा पनि जानकारी प्रदान गर्नु जरुरी देखिन्छ।

केन्द्रीय सरकारको भूमिका, पहुँच र सूचनाहरूको जानकारीका लागि प्रचार गर्न स्थानीय सरकारको क्षमता निर्माण गर्नु नै महत्वपूर्ण देखिन्छ। पहुँच र सूचनाहरूको जानकारीका लागि सबै स्थानीय क्षेत्रमा एकसमान आवश्यकताहरू पूर्तिका लागि विभिन्न नियम र प्रक्रियाहरू समावेश गरिएका हुन्छन्। स्थानीय बासिन्दासँग राम्रो सँग कुराकानी गर्न र स्थानीय सरकारको प्रयासमा भरथेग गर्न बाँडफाँडका स्रोतहरूका माध्यमबाट सहयोग गर्न सकिन्छ। यी प्रयासहरू सबै वृद्ध भत्तामा मात्र नभएर सबै सामाजिक सुरक्षा लाभ (सुविधा) को सम्बन्धमा पनि गाँसिने खालको हुनु पर्दछ। यसले लागत कम गर्न मद्दत गर्नुका साथै सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारिता बढाउन सक्छ।

यस अध्ययनका क्षेत्रहरूमा सवै नागरिकको अधिकारपत्र रहेछ जसले उनीहरूको योग्यताका बारेमा जानकारी प्रदान गर्दछ र सामाजिक सेवा एवम् लाभ (सुविधा) को लागि दर्ता प्रक्रियाको बारेमा जानकारी दिन्छ। सार्वजनिक सेवा वितरणका उत्तरदायित्व र पारदर्शिताको प्रगतिका लागि नेपाल सरकारले नागरिक अधिकार पत्र २००५ लाई सबै स्थानीय सरकारमा संस्थागत गर्नु जरुरी छ। वृद्ध भत्ताका बारेमा नागरिक अधिकार पत्रमा जानकारी उल्लेख गर्नु जरुरी छ। जब कुनै वृद्धले अधिकार पत्र आफैँ पढ्न नसक्ने अवस्था हुन्छ तब उनीहरूका परिवारका सदस्यहरू अथवा समुदायका मानिसहरूले यस जानकारीको बारेमा बताउँदछन् र पछि आउने लाभग्राहीहरूलाई पनि जानकारी दिन्छन्।

### १०.२.६ सार्वजनिक सेवा विस्तारमा सुधार

नगद प्रदान गर्ने व्यवस्था र आवश्यक सेवाहरूको आपूर्तिको सम्बन्धलाई नजिकबाट हेरिनु जरुरी छ। विशेषत : नगद वितरणले स्वास्थ्य र शिक्षासँग सम्बन्धित सबै खर्चहरू समेट्ने आशा गर्न सकिँदैन। बरु, सेवा व्यवस्थालाई गाभ्ने

बन्दोबस्त गरियो भने यसले सुविधाको पहुँच र यस सुविधाको सदुपयोग अन्तर्गतका खर्चहरूलाई भने कम गर्न सक्छ। अहिलेको अवस्थामा, सर्वसाधारण नागरिकको स्वास्थ्य र शिक्षामा लाग्ने अनावश्यक खर्चले अति नै प्रभाव पारिरहेको छ। मानिसहरूले सार्वजनिक सुविधा उपयोग गरे भने दोस्रो दर्जामा राखेर हेर्ने चलन छ। सार्वजनिक स्वास्थ्य सेवा र शिक्षा दुबै उपयोग गर्ने मानिसहरूलाई सामान्य स्तरभन्दा तल खस्केको स्तरमा राखेर हेरिन्छ र धेरैले आफ्ना बाल-बच्चाहरूलाई स्वास्थ्य उपचारको लागि निजी स्वास्थ्य सेवामा र शिक्षाको लागि निजी विद्यालयहरूमा पठाउने गरेका छन्। शुल्क छुट दिने कुराको शुरुआत र अन्य क्षेत्रीय सुधारहरूले सेवा पहुँचको लागत कम गर्न सुनिश्चित गर्न सक्छ र सामाजिक सुरक्षा प्रदान गर्ने कार्यले अन्य अनिवार्य आवश्यकताका कुरामा खर्च गर्न सहयोग गर्छ।

# सन्दर्भ सूची


**Adhikari, T.P.** (2014) 'Social Insecurity', The Kathmandu Post, 30 April (www.ekantipur.com/2014/04/30/oped/social-insecurity/388956.html).

**Adhikari, T.P., Thapa, F.B., Tamrakar, S., Magar, P.B., Hagen-Zanker, J. and Babajanian, B.** (2014) How does social protection contribute to social inclusion in Nepal? Evidence from the Child Grant in the Karnali Region. London: Overseas Development Institute.

**Babajanian, B.** (2012) Social transfers for older persons: Implications for policy, practice and research, in S.W. Handayani and B. Babajanian (eds), Social protection for older persons: Social pensions in Asia. Manila: Asian Development Bank: 279-297.

**Babajanian, B.** (2013) 'Tackling old age poverty and vulnerability: Social pensions in Asia', Poverty in Focus (25). Brasilia: International Policy Centre for Inclusive Growth (www.ipc-undp.org/pub/IPCPovertyInFocus25.pdf).

**Babajanian, B. and Hagen-Zanker, J.** (2012) 'Social protection and social exclusion: an analytical framework to assess the links'. ODI Background Note. London: Overseas Development Institute.

**Bennett, L., Dahal, D.R. and Govindasamy, P.** (2008) Caste, ethnic and regional identity in Nepal: Further analysis of the 2006 Nepal Demographic and Health Survey. Calverton, MD: Macro International Inc.

**Cook, S.** (2013) 'Rescuing social protection from the poverty trap: New programmes and historical lessons', in K. Bender, M. Kaltenborn and C. Pfleiderer (eds) Social protection in developing countries: Reforming systems. Routledge: Milton Park, Abingdon: 13-24.

**Geriatric Center Nepal** (2010) Status report on elderly people (60+) in Nepal on health, nutrition and social status focusing on research. Kathmandu: Government of Nepal, Ministry of Health and Population.

**Hagemejer, C. and V. Schmitt** (2012) 'Providing social security in old age: The International Labour Organization view', in S.W. Handayani and B. Babajanian (eds), Social protection for older persons: Social pensions in Asia. Manila: Asian Development Bank: 137-153.

**Help Age International** (2009) The Universal Social Pension in Nepal: An assessment of its impact on older people in Tanahun District. London: HelpAge International.

**Help Age International** (2013) Global AgeWatch Index 2013. London: HelpAge International (www.helpage.org/global-agewatch/reports/global-agewatch-index-2013-insight-report-summary-and-methodology).

**Holmes, R.** (2009) 'Cash transfers in post-conflict contexts'. ODI Project Briefing No. 32. London: Overseas Development Institute.

**Holmes, R. and Jackson, A.** (2008) 'Cash transfers in Sierra Leone: Are they appropriate, affordable or feasible?' ODI Project Briefing No. 8. London: Overseas Development Institute.

**Government of Nepal and UNDP** (2014) Nepal: Human Development Report 2014. Beyond geography: Unlocking human potential. Kathmandu: Government of Nepal National Planning Commission and UNDP.

**Jha, P. and Laxminarayan, R.** (2009) Choosing health: An entitlement for all Indians. Toronto: Centre for Global Health Research (www.cddep.org/publications/choosing_health_entitlement_all_indians).

**KC, S.** (2012) 'Walking for nothing', The Kathmandu Post, 12 September (www.ekantipur.com/the-kathmandu-post/2012/12/08/free-the-words/walking-for-nothing/242631.html).

**Kharel, S.** (2014) 'KMC plans to distribute senior citizen allowance from mid-April', The Kathmandu Post, 1 April (www.ekantipur.com/2014/04/01/capital/kmc-plans-to-distribute-senior-citizen-allowance-from-mid-april/387581.html).

**Koehler, G.** (2011) Social protection and socioeconomic security in Nepal. Working Paper 370. Brighton: Institute of Development Studies.

**OECD** (2008) Concepts and dilemmas of state building in fragile situations. OECD/DAC Discussion Paper. Paris: Organisation for Economic Co-operation and Development.

**OECD** (2010) Conflict and fragility: The state's legitimacy in fragile situations. Unpacking complexity. Paris: Organisation for Economic Co-operation and Development.

**NPC** (2012a) Assessment of social security allowance programme in Nepal. Kathmandu. Government of Nepal, National Planning Commission.

**NPC** (2012b) National Population and Housing Census 2011 (National Report). Volume 1. Kathmandu: Government of Nepal, National Planning Commission.

**Samson, M.** (2012) 'Nepal's senior citizens' allowance: A model of universalism in a low-income country context', in S.W. Handayani and B. Babajanian (eds), Social protection for older persons: Social pensions in Asia. Manila: Asian Development Bank: 214-246.

**The Kathmandu Post** (2012) 'Senior citizen allowance to be increased to Rs 750 a month', 6 November (www.ekantipur.com/the-kathmandu-post/2012/11/06/money/senior-citizen-allowance-to-be-increased-to-rs-750-a-month/241501.html).

**UNFPA and Help Age International** (2012) Ageing in the Twenty First Century: A Celebration and a Challenge. New York and London: United Nations Population Fund and HelpAge International.

**Uprety, L.P.** (2010) A summary of major findings of the study on investigating the effectiveness of social pensions in Nepal. Kathmandu: Nepal Participatory Action Network and HelpAge International.

**Upreti, B.R, Uprety, P., Hagen-Zanker, J., KC, S., and R. Mallett, R.** (2014) Surveying livelihoods, service delivery and governance: Baseline evidence from Nepal. Working Paper 13. London: Secure Livelihoods Research Consortium, ODI.

**White, H.** (2009) Theory-based impact evaluation: Principles and practice. New Delhi: 3ie.

**World Bank** (2006) Unequal citizens. Gender, caste and ethnic exclusion in Nepal. Summary. Kathmandu: World Bank and DFID Nepal.